# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानवीय विकासको महत्वपूर्ण आधार हो । शिक्षाले मानिसको ज्ञान, सीप र क्षमताको विकास गरी व्यवहारमा परिवर्तन ल्याउँदछ । शिक्षा जीवनभर निरन्तर चलिरहने प्रक्रिया हो । यो कोक्राबाट सुरु भएर चितामा अन्त हुन्छ । शिक्षा व्यक्ति र समाजको विकास गर्ने एउटा प्रमुख माध्यम हो । शिक्षाले व्यक्तिमा अर्न्तनिहित प्रतिभालाई प्रस्फुटन गरी उच्च स्तरीय जीवनयापन गर्न सक्षम बनाउँछ । आज विश्वलाई विकसित र विकासशील राष्ट्रहरूमा विभाजन गर्ने एउटा प्रमुख कारण उनीहरूले आर्जन गरेको शिक्षा हो । यसरी हेर्दा व्यक्ति, समाज र राष्ट्रको विकासको आधार शिक्षा हो । त्यसैले हाम्रो जस्तो विकासशील राष्ट्रको विकासमा शिक्षाको भूमिका महत्वपूर्ण हुन्छ । जनगणना २०५८ अनुसार नेपालका ५३.७ प्रतिशत जनता मात्र साक्षर छन् भने ४६.३ प्रतिशत जनता शिक्षाको ज्योतिबाट वञ्चित छन् । करिब आधा जनता निरक्षर भएको हाम्रो देशको विकासका लागि साक्षरता कार्यक्रम अति आवश्यक रहेको छ । साक्षरता अभियानमा प्राथमिक शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । प्राथमिक शिक्षा शिक्षाको जग हो । यसलाई शिक्षाको आधारभूत तह पनि भनिन्छ । कुनै पनि राष्ट्रमा बसोबास गर्ने मानिसको निश्चित आधारभूत शिक्षा उसको मानव अधिकारको रूपमा लिइन्छ (काफ्ले, २०६१) ।

नेपालमा प्राथमिक शिक्षाको थालनी अनौपचारिक रूपमा धेरै अघिदेखि भएको पाइन्छ । नेपालमा प्राथमिक शिक्षाको औपचारिक सुरूआत वि.सं. १९१० देखि भए तापनि यसको विस्तार वि.सं. २००७ सालको क्रान्तिपछि मात्र भएको पाइन्छ । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षाको विकास र विस्तारलाई महत्व दिँदै विभिन्न शिक्षासम्बन्धी आयोग गठन गर्ने कार्यप्रारम्भ भयो । वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०१८ सालमा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०४० सालमा शाही उच्च शिक्षा आयोग, २०४९ सालमा राष्ट्रिय शिक्षा आयोग र २०५५ सालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरिएको पाइन्छ । यी सम्पूर्ण आयोगहरूले प्राथमिक शिक्षालाई साक्षरता तथा आधारभूत शिक्षाका रूपमा अङ्गीकार गरेका छन् (शर्मा ,२०६५) ।

वि.स. २०१३ सालदेखि नेपालमा योजनाबद्ध विकासको सूरुआत भई १० औं पञ्च वर्षीय योजना (०५९-०६४) पनि समाप्त भइसकेको छ । यी प्रत्येक राष्ट्रिय योजनाले देशमा शिक्षाको विकासलाई प्राथमिकता दिएको पाइन्छ । वि.सं. २००७ सालमा साक्षरता २ प्रतिशत रहेकोमा २०५८ मा आइपुग्दा यो प्रतिशत बढेर ५३.७ प्रतिशत पुग्नु र २००७ सालमा ३२१ प्रा.वि., ८५०५ विद्यार्थी

अध्ययनरत रहेकोमा २०५८ सालमा २४९४३ प्रा.वि र ३८५३६१८ विद्यार्थी अध्ययनरत हुनुले नेपालमा शिक्षाको विकास भएको देखिए तापनि अपेक्षा गरेअनुसार भएको पाइँदैन (बम ,२०६२)।

अन्तर्राष्ट्रिय स्तरमा पनि शिक्षाको विकासका लागि विभिन्न सभासम्मेलन भएको पाइन्छ । संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि सन १९८९ मा UNO महासभाले पारित गऱ्यो । यस सन्धिले प्रत्येक बालबालिकालाई कम्तीमा पनि प्राथमिक शिक्षा प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको छ । सन १९९० मा थाइल्यान्डको जोमटिनमा सवैका लागि शिक्षा (Education For All, EFA) सम्बन्धी विश्व सम्मेलन सम्पन्न भयो । यस सम्मेलनले आधारभूत तथा प्राथमिक शिक्षाका सबैको पहुँच हुनुपर्दछ भन्ने प्रतिवद्धता प्रस्तुत गरेको थियो । यसले सन २०१५ सम्ममा सबैले शिक्षा पाउनुपर्छ भन्ने विश्व्यापी मान्यता स्थापित गरेको छ । नेपालले पनि सन् २०१५ सम्ममा सबैलाई शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ (आचार्य, २०६१) ।

नेपाल एउटा बहुजातिय, बहुभाषिक, वहुसांस्कृतिक राष्ट्र हो । नेपालको जातिगत विवरण हेर्दा पहिचान हुन नसकेका समेत १०३ जातजातिहरू र ९२ भन्दा बढी भाषा सम्प्रदायहरू रहेका छन् । नेपालमा बसोबास गर्ने विभिन्न अवस्थालाई हेर्दा हिमाली क्षेत्रमा शेर्पा भोटे, थकाली आदि जातिहरूको बसोबास र बाहुल्य रहेको पाइन्छ । पहाडी क्षेत्रमा ब्राह्मण, क्षेत्री, राई, लिम्बू, गुरुङ, तामाङ, कामी, दमाई, सार्की, नेवार आदिको बसोबास भएको पाइन्छ । त्यस्तै उपत्यकामा नेवार, तामाङ, मनाङे, ब्राह्मण, क्षेत्री एवम् तराई क्षेत्रमा थारू, राजवंशी, मुसहर, धिमाल, बाँतर, सतार, राजपुत, तेली, साहू, ब्राह्मण, क्षेत्री, राई, लिम्बू आदिको बसोबास रहेको पाइन्छ (पाण्डे ,२०६०) ।

नेपालको पूर्वी तराईक्षेत्रमा बसोबास गर्ने जातजातिहरूमध्ये एउटा अल्पसङख्यक, उपेक्षित, पिछडिएको तथा आदिवासी जनजाति हो झाँगड । यो जातिको बसोबास स्थल मध्यमाञ्चलको पर्सा जिल्लादेखि जनकपुर, सर्लाही हुँदै पूर्वाञ्चलको झापा, मोरङ सुनसरीमा रहेको छ । द्रविण परिवारको मानिने कालो वर्णको अफ्रिकननेग्रो जातिसँग मिल्दो यो जातिको आफ्नै भाषा संस्कृति, परम्परा र चालचलन रहेको छ । झाँगड, उराव, मुन्डा मुडियारी, अडियाटी, लोहारा आदि थरले चिनिने जातिको भाषा द्रविण परिवारको हो । उनीहरू मातृ भाषाको रूपमा झाँगड भाषा बोल्दछन् साथै मैथिली, नेपाली भाषा बोल्दछन् । हिन्दू धर्म माने पनि प्रकृति पूजा र धामी झाँक्रीमा बढी विश्वास राख्दछन् । झाँगड समाजमा एकात्मक र संयुक्त परिवार पाइन्छ । यिनीहरू बढी विलासी र खर्चालु हुन्छन् । यो जाति सामाजिक, राजनैतिक, शैक्षिक र आर्थिक दृष्टिले पिछडिएको जातिका रूपमा पाइन्छ (भट्टराई,२०६४) ।

झाँगड शब्दको अर्थ बिहारको छोटानागपुर भेगका 'कुर्ग' नामक स्थल आसपासका आदिवासी बासिन्दाहरूलाई नेपालमा दिएको नाम हो, तिनीहरूलाई ओरावँ भनिन्थ्यो । यिनीहरू नै नेपालमा उराव भए (पोखरेल,२०३६) ।

झाँगडहरू भारतको बिहारमा पनि छोटा नागपुरबाट आएका हुन । उनीहरू त्यहाँबाट बसाइँ सर्दै उत्तर पूर्णीया हुँदै नेपालको मोरङ र सुनसरीमा ७०/८० वर्ष अगाडि देखि आएको उल्लेख गरेका छन् (दाहाल, १९९७) ।

झाँगड जातिको अर्थ नेपाल अधिराज्यको पूर्वी तराईमा बसोबास गर्ने र द्रविण वर्गमा पर्ने एक जाति हो (चापागाईं, २०६२) ।

झाँगडहरू भारतको द्रविण मूलका 'त्रिदवा' जातिका मानिसहरूसँग सम्बन्धित छन् (शमा, २०४९) ।

झाँगडहरू स-साना कदका हुन्छन् । यिनीहरूको रङ कालो हुन्छ, बङ्गारा केही उठेका र ओठ मोटा हुन्छन् । यिनीहरूको निधार साँघुरो र नाक ठूलो, कपाल बाक्लो र खस्रो हुन्छ र यिनीहरूको अनुहार मंगोल र आर्यहरूको भन्दा भिन्नै द्रविणहरूसँग मेलखाने हुन्छ (दत्त, १९६७) ।

झाँगडहरू शान्ति प्रिय हुन्छन् । उनीहरू एकै ठाउँमा झुरुप्प घर बनाएर बस्दछन् यस जातिमा पृतिसत्तात्मक विशेषता बढी भए पनि नारीलाई इज्जत र सम्मानको दृष्टिले हेरिन्छ । घरबाहिरका काम पुरुषबाट गरिन्छ भने घरभित्रका काम महिलाहरूबाट गरिन्छ । झाँगडहरू हिन्दू धर्म मान्दछन्, कालीलाई आफ्नो मूल कुल देवता मान्दछन् । झाँगड समाज अन्धविश्वास र रुढीवादी विचारले ग्रसित छ (सिटौला, २०६०) ।

धनुषा जिल्लाको नौ सय बिघा गाउमा ठुलो बस्ती भए पनि सर्लाहीदेखि सुनसरी र मोरङसम्म छरिएर रहेका झागडहरू नेपालका द्रविडियन मूलका आदिवासी जनजाति हुन् । मुण्डारी भाषा वोल्ने यिनीहरू एक पिछडिएकाअल्पसङ्ख्यक जाति हुन् । यिनीहरू अधिकांश खेती र मजदुरी काम गर्दछन् । भारतको मध्यप्रदेशमा यस्तै झाँगड जाति बसोबास गरे पनि उनीहरू र नेपालका झाँगडहरूमा अन्तर छ । यिनीहरू मूलत : बौद्ध धर्मबलम्वी हुन् तर प्रकृतिको पूजा पनि गर्दछन् । नेग्रोवाइड आकृति भएका झाँगडहरू मरेकालाई कसैले जलाउँछन भने कसैले गाड्ने गर्दछन् । उनीहरू कालो वर्णका हुन्छन् (स्थानिय विकास मन्त्रालय, २०६३)

यसरी माथिका कुरालाई हेर्दा झाँगड जाति भारतबाट बसाइँ सर्दै ७०/८० वर्षअगाडि नेपालको पूर्वी भेगमा बसोबास गर्ने आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक रूपमा पछि परेको आदिवासी जनजाति हो ।

नेपालको कूलजनसङ्ख्या २३१५१४२३ मध्ये झाँगडको जनसङ्ख्या ४१७६४ (०.१८%) रहेको छ । जसमध्ये पुरुष २०८९२ र महिला २०८७२ रहेको छ । यिनीहरूको साक्षरता २५.९१% (६ वर्ष माथिको जनसङ्ख्या) रहेको छ जुन राष्ट्रिय साक्षरता प्रतिशतभन्दा आधा कम छ । मोरङ जिल्लामा यो जातिको जनसङ्ख्या पुरुष ६६८३ र महिला ६५१५ गरी १३१९८ रहेको छ । मोरङ जिल्लाको कुल जनसङ्ख्याको १.५७% प्रतिनिधित्व गर्ने यो जातिको बसोबास मोरङ जिल्ला मृगौलिया गा.वि.स. मा पनि रहेको छ । मृगौलिया गा.वि.स. को वडा नं. ३, ५, ६ र ९ मा छरिएर रहेका झाँगडजातिको सङ्ख्या ५७५ (४.४५%) रहेको छ । यस गा.वि.स. मा बसोबास गर्ने यो जातिको शैक्षिक अवस्थाको बारेमा पर्याप्त अध्ययन भएको पाइँदैन (जनगणना-२०५८) ।

नेपालमा गठन गरिएका शिक्षासम्बन्धी विभिन्न आयोगहरूले शिक्षाको संरचना विभिन्न निर्धारण गरे पनि शिक्षाको वर्तमान संरचनाअनुसार ६-१० वर्ष उमेर समूहका कक्षा १-५ सम्मको शिक्षालाई प्राथमिक शिक्षा भनिन्छ । नेपालमा प्राथमिक तहको भर्नादर १२४.६ रहेको छ जसमध्ये छात्रतर्फ १३४.१ र छात्रा तर्फ ११४.७ रहेको छ । भने खुद भर्नादर ८१ मध्ये छात्र ८६.९ र छात्रा ७५ .१ रहेको छ (शिक्षा विभाग ,२००५) ।

नेपालमा सरकारी र निजी गरी विद्यालय सङ्ख्या २८१३१ पुगेको छ । प्राथमिक तहमा खुद भर्नादर ८७.४% पुगेको छ । प्राथमिक तहमा छात्रको भन्दा छात्राको सहभागिता बढेको छ । विद्यालय जाने उमेरका बालबालिकाहरूमध्ये आदिवासी जनजातिका करीब ३८%, दलितको १८% र अपाङ्गको १% रहेको देखिन्छ । शिक्षाको विकासमा प्रगति देखिएपनि अझै करिब १२.६% बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको पाइन्छ । त्यसमध्ये खासगरी गरिब, दलित, आदिवासी, जनजाति बालबालिकाहरू प्राथमिक शिक्षाबाट वञ्चित रहेको देखिन्छ । विद्यालयमा सबै लिङ्ग, वर्ग र क्षेत्रका छात्र छात्राहरूको पहुँच पुगेको छैन कक्षा दाहोऱ्याउने र बीचैमा कक्षा छोड्नेदर बढी छ भने उत्तीर्ण दर सन्तोष जनक छैन ( राष्ट्रिय योजना आयोग, २०६४) ।

झाँगडहरू शैक्षिक रूपमा अत्यन्त पछि परेका छन् । यिनीहरू ६३.३३% पूर्ण निरक्षर २३.३३% साक्षर, १०% एस.एल.सी. उत्तीर्ण र ३.३% उच्चशिक्षा हासिल गरेका छन् (भट्टराई, २०६४) ।

झाँगड बालबालिकाहरूको शैक्षिक अवस्था कमजोर रहेको छ । ५-१९ वर्षसम्मका ४९.७%, २० वर्ष भन्दा माथिका २६.७३% झाँगडहरू साक्षर छन् । झाँगडहरूको नयाँ पुस्तामा शिक्षा प्रतिको आकर्षण बढेको देखिन्छ (सिटौला, २०६०) ।

झाँगडजाति शैक्षिक रूपमा पछि परेको जाति हो । जसमा ४३.३३% बालबालिकाहरू मात्र विद्यालय गएको पाइन्छ । विद्यालय गएका मध्ये प्राथमिक तहमा ३०.७६%, नि.मा.वि. तहमा ३८.४६% र मा.वि. तहमा ३०.७६% सहभागिता रहेको छ (दुलाल, २०५८) ।

यसरी हेर्दा झाँगड जाति तथा तिनका बालबालिकाहरू शैक्षिक रूपमा पछि परेको देखिन्छ । प्राथमिक तहमा सहभागिता शीर्षकअन्तर्गत गरिने यस अध्ययनले झाँगड बालबालिकाहरूको

विद्यालय सहभागितालाई देखाएको छ । द्रविण मूलका हिन्दु धर्म मान्ने झाँगड जाति शैक्षिक रूपमा पछि परेको जाति हो । यीनीहरूका सबै बालबालिकाहरू विद्यालय गएका छैनन् । शिक्षाको तह बढ्दै जाँदा झाँगड जातिका बालबालिकाहरूको सहभागिता घट्दै गएको छ । यस जातिको नया पुस्ता शिक्षा प्रति आकर्षित भएको देखिए पनि उनिहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याइ सबैका लागि शिक्षा भन्ने नारालाई मूर्त रूप दिन यस अध्ययनले सहयोग पुग्ने देखिन्छ ।

## १.२ समस्याको कथन

शिक्षा मानिसको जीवनको अभिन्न अङ्ग हो । शिक्षाको अभावमा मानिसको बौद्धिक, मानसिक, संवेगात्मक विकास हुन सक्दैन साथै समाज र राष्ट्रको पनि विकास हुन सक्दैन । तसर्थ समुदायका सबै पक्ष, वर्ग र उमेरका मानिसलाई शिक्षाको आवश्यकता पर्दछ । शिक्षाको थालनी प्राथमिक शिक्षाबाट हुने भएकाले यस तहको शिक्षाको विकासमा सबै पक्षको ध्यान जानु आवश्यक पर्दछ । सबै वर्ग, लिङ्ग र जातिका वालबालिकाहरूलाई शिक्षामा सहज रुपमा सहभागि हुने वातावरण सृजना गर्नुपर्दछ । बालबालिकाहरूलाई कसरी सर्वसुलभ ढङ्ले शिक्षा प्रदान गर्न सकिन्छ भन्ने सम्बन्धमा विश्वभर विभिन्न सभा, सम्मेलन, गोष्ठी, बैठक छलफल तथा अनुसन्धानहरू भएका छन् तर पनि विश्वका धेरै बालबालिकाहरू शिक्षाबाट वञ्चित छन् । नेपालमा पनि ४६.३% जनताहरू शिक्षाको उज्यालोबाट वञ्चित रहेका छन् भने प्राथमिक उमेरका ८६.८% बालबालिका मात्र विद्यालय भर्ना हुने गरेका छन् । अझै पनि नेपालका १३.२% बालबालिका विद्यालय शिक्षाबाट वञ्चित छन् । यसरी विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरूमा अधिकांस दलित, जनजाति तथा पिछडिएका समुदायका बालबालिकाहरू नै पर्ने गर्दछन् जुन कुरा दलितहरूको साक्षरता प्रतिशत १८.८ रहनु र झाँगडहरूको साक्षरता प्रतिशत २५.९१ हुनुले पुष्टि गर्दछ । “सबैको लागि शिक्षा” भन्ने विश्वव्यापी नारालाई सार्थक बनाउन प्राथमिक शिक्षामा भर्नादर शतप्रतिशत पुऱ्याउन आवश्यक पर्दछ । जसका लागि प्रत्येक जातजातिको शैक्षिक अवस्थाबारे अध्ययन, अनुसन्धान आवश्यक हुन्छ । जसबाट उनीहरूको शैक्षिक अवस्था, शैक्षिक समस्या र समाधानका उपायहरू उजागर गर्न सकिन्छ, ।

झाँगड जातिपनि एउटा पिछडिएको, अल्पसङ्ख्यक, उपेक्षित जाति भएकाले तिनीहरूका बालबालिकाहरूको शैक्षिक अवस्थाबारे थाहा पाउन आवश्यक हुन्छ । ६ वर्ष तथा ६ वर्षभन्दा माथिका झाँगड जातिको साक्षरता प्रतिशत २५.९१ रहेको छ जुन राष्ट्रिय साक्षरता प्रतिशतभन्दा निकै कम देखिन्छ । नेपालको शैक्षिक इतिहासदेखि नै यो जाति शैक्षिक विकासको दृष्टिकोणले निकै पछि परेको देखिन्छ । करिब ७५% निरक्षर रहेको यो जाति परम्परागत रूपमा शोषित र उत्पीडित जातिका रूपमा चिनिन्छ । शिक्षाको विकासलाई समयको परिवर्तनसँगै विभिन्न शिक्षासम्बन्धी आयोग र परियोजनाहरूको विकास, विस्तार र कार्यान्वयन गरिए पनि यस जातिमा यसको खासै प्रभाव

परेको देखिदैन कारण यस जातिको शैक्षिक अवस्थाबारे गहिरिएर अध्ययन अनुसन्धान हुन नसक्नु हो । यस जातिको अन्य पक्षको समय समयमा अध्ययन अनुसन्धान भए पनि शैक्षिक पक्षको पर्याप्त अध्ययन हुनसकेको छैन ।

आधारभूत शिक्षा जस्तो अति महत्वपूर्ण शिक्षाबाट वञ्चित बालबालिकाहरू राष्ट्रिय मूलधारमा आउन सक्दैनन् । जबसम्म देशमा बसोबास गर्ने सबै वर्ग, तह र जातजातिका बालबालिकाहरू शिक्षाको मूलप्रवाहमा आउन सक्दैनन तबसम्म सचेत, समुन्नत विकसित र अग्रगामी समाजको कल्पना गर्न सकिदैन । यसकारण झाँगड जस्ता पिछडिएका उत्पीडित तथा शैक्षिक अवसरको उपयोग गर्न नसकेका बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित हुन आवश्यक छ । जसका लागि झाँगड जातिको शैक्षिक अवस्था, शैक्षिक क्षेत्रमा पछिपर्ने कारणहरू, विद्यालयमा सहभागिता कम हुनुका कारणहरू, शैक्षिक अवसरबाट वञ्चित हुनुपर्ने अवस्थाहरू, अभिभावकको शिक्षाप्रतिको धारणा विद्यालयमा सहभागिता बढाउने उपायहरू आदिबारे जानकारी प्राप्त गर्न पर्याप्त अध्ययन अनुसन्धान हुनु आवश्यक पर्दछ, । यी कुरा थाहा पाउन सकेमात्र सोहीअनुसारका नीति, नियम तथा कार्यक्रम बनाएर कार्यान्वयन गरी झाँगड जातिका बालबालिकालाई शिक्षाको मूलधारमा ल्याई शिक्षाको उद्देश्य पूरा गर्न सकिने भएकाले “प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता” शीर्षकलाई समस्याको रूपमा यहाँ उठाइएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

क) प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता पत्ता लगाउनु ।

ख) ती बालबालिकाहरूको शैक्षिक उपलब्धिको लेखाजोखा गर्नु ।

ग) ती बालबालिकाहरूको शैक्षिक समस्याहरू पहिचान गर्नु ।

घ) शैक्षिक समस्या समाधानका उपायहरू सुझाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार राखिएका छन् :

क) झाँगड जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता कस्तो रहेको छ ?

ख) झाँगड बालबालिकाको कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने स्थिति कस्तो छ ?

ग) यस जातिका बालबालिकाहरूको शैक्षिक समस्याहरू समाधान गर्ने उपायहरू के-के छन् ?

घ) यस समुदायका बालबालिकाहरूले भोग्नु परेका शैक्षिक समस्याहरू के कस्ता छन् ?

## १.५ अध्ययनको औचित्य

नेपाल विभिन्न जातजाति, भाषाभाषि, संस्कृति, रहनसहन रीतिरिवाज भेशभूषा भएका मानिसहरूको साझा फूलबारी हो । नेपालमा विभिन्न जातजातिका मानिसहरू वसोबास गर्दछन् । तिनीहरूको आआफ्नै जातीय पहिचान रहेको छ । कुनै पनि देश र समाजको विकासका लागि सामाजिक परिवर्तन आवश्यक हुन्छ  साथै समाजमा बसोबास गर्ने सबै जातजाति, वर्ग र तहको उत्थान हुन आवश्यक हुन्छ । जातिय उत्थानका लागि अध्ययन अनुसन्धानको आवश्यकता पर्दछ । अध्ययन अनुसन्धानबाट उनीहरूमा आएको परिवर्तन र परिवर्तनलाई ग्रहण गर्ने तरिका, उनीहरूको सामाजिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, आर्थिक अवस्था सम्बन्धी तथ्यहरू प्राप्त गर्न सकिन्छ । यसरी प्राप्त गरेका तथ्यहरूबाट नीति निर्माण गर्ने तहमा समस्याको यर्थाथ, यथेष्ट र विस्तृत जानकारी हुन्छ जसबाट शैक्षिक कार्यक्रम तथा योजनाहरू बनाई लागू गर्न सहज हुन्छ ।

नेपालमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये पूर्वी तराईमा बसोबास गर्ने एउटा पिछडिएको जाति हो, झाँगड । जसको आफ्नै भाषा, सँस्कृति, रहनसहन, भेशभूषा रहेको छ । सदियौंदेखि नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्दै आएको यो जाति शैक्षिक, राजनैतिक, सामाजिक र आर्थिक दृष्टिले पछि पारेको जाति हो । यिनीहरूको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा खासै सुधार आउन सकेको छैन । अन्य जातिका बारेमा विभिन्न अध्ययन अनुसन्धान भए पनि यो जातिका बारेमा पर्याप्त अध्ययन अनुसन्धान भएको पाईंदैन । त्यसमा पनि झाँगड जातिको शैक्षिक अवस्थाबारे खासै अध्ययन हुन सकेको छैन । जुन अभावलाई यो अध्ययनले पूरा गर्ने जमर्को गरेको छ । यस अध्ययनबाट झाँगड जातिको उत्थान र विकासका साथै शैक्षिक विकासमा मद्दत पुग्ने आशा राखिएको छ । साथै मृगौलिया गा.वि.स. का झाँगड बालबालिकाहरूको शैक्षिक स्थितिको लेखाजोखा गरी उनीहरूको शिक्षामा सहभागिता कम हुनुका कारण पत्ता लगाई सहभागिता बढाउन आवश्यक सुझाव दिनका लागि यस अध्ययनले अत्यन्त महत्व राख्दछ । यस अध्ययनको औचित्य तथा महत्वलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) स्थानीय निकाय, सरकार, विभिन्न संघसंस्थाहरूलाई जातिको लागि शैक्षिक योजना, नीतिनियम तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मद्दत पुग्ने ।

ख) झाँगड जातिको शैक्षिक अवस्थाबारे जानकारी प्राप्त हुने ।

ग) विद्यालय, जि.शि.का., मन्त्रालयलाई शैक्षिक योजना, नीतिनियम तर्जुमा गर्न सहयोग पुग्ने ।

घ) यस समुदायका बालबालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउन मद्दत पुग्ने ।

ङ) शैक्षिक समस्याहरू समाधान गर्ने उपायहरू पत्ता लगाउन सहयोग पुग्ने ।

च) यस जातिका बारेमा चासो राख्ने, थप अनुसन्धान गर्ने व्यक्तिका तथा सङ्घ संस्थाका लागि मद्दत पुग्ने ।

छ) शैक्षिक विकेन्द्रीकरण गर्ने यसले सहयोग पुऱ्याउँछ ।

ज) यस समुदायका बालबालिकाहरूको विद्यालय सहभागिता बढाउन मद्दत गर्ने ।

## १.६ अध्ययनका परिसीमाहरू

यस अध्ययनको परिसीमाहरू निम्नानुसार रहेका छन् :

क) प्रस्तुत अध्ययन मोरङ जिल्लाको मृगौलिया गा.वि.स. मा बसोबास गर्ने झाँगड जातिमा सीमित गरिएको छ ।

ख) यो अध्ययन झाँगड जातिका बालबालिकाहरूको शैक्षिक पक्षमा मात्र सिमित रहको छ ।

ग) यो अध्ययनले यस जातिको प्राथमिक तहसम्मको सहभागितालाई मात्र लिएको छ ।

घ) यो अध्ययन झाँगड जातिको बसोबास रहेको क्षेत्रमा पर्ने २ वटा मा.वि. र २ वटा प्रा.वि. गरी ४ वटा विद्यालयमा सीमित गएिको छ ।

ङ) यस अध्ययनले विद्यार्थीहरूको विद्यालय सहभागिता र शैक्षिक उपलब्धिको अध्ययनका लागि कक्षा १-५ सम्मको चालू वर्ष २०६६ सहित विगत ३ वर्षका तथ्याङ्कलाई लिएको छ ।

च) सीमित साधनस्रोत र समयको उपयोगबाट यस अध्ययनलाई पूरा गरिएको छ ।

छ) यो अध्ययन एउटा गा.वि.स. मा बसोबास गर्ने एउटा जातिमा मात्र सीमित रहेकाले यसको निष्कर्षलाई सबै क्षेत्रमा सामान्यीकरण गर्न सकिदैन ।

ज) झाँगड जातिका बालबालिकाहरूको शैक्षिक पक्षअन्तर्गत विद्यार्थी भर्ना विवरण, शैक्षिक उपलब्धि, कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने स्थिति, शैक्षिक समस्या र यीनहिरूको प्रवृत्तिको विश्लेषणमा सीमित रहेने छ ।

झ) शैक्षिक उपलब्धिको विश्लेषण गर्न कक्षा १-५ का जम्मा ५ विषयहरू नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक र विज्ञान लिइएको छ ।

# परिच्छेद : दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरवलोकन

वैज्ञानिक अध्ययन अनुसन्धानको क्रममा पूर्व साहित्यको अध्ययन महत्वपूर्ण मानिन्छ । अध्ययन अनुसन्धान गरी तयार पारिएका पुस्तक, लेख, रचना, समिक्षा आदिलाई प्रस्तुत शोधको सन्दर्भमा अध्ययन गरी त्यस विषयसँग सम्बन्धित विभिन्न जानकारीहरू प्राप्त गर्न सकिन्छ । यसैलाई सन्दर्भ साहित्यको समीक्षा भनिन्छ । यस्ता पूर्व साहित्यको अध्ययनबाट विभिन्न किसिमका महत्वपूर्ण जानकारीहरू प्राप्त गर्न सकिन्छ । यस परिप्रेक्षमा नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहरूको आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रसँग सम्बन्धित शोधकार्य गरिदै आएको भए पनि झाँगड जातिको शैक्षिक अवस्थाबारे खोज, अनुसन्धान र अध्ययन पर्याप्त भएको पाईंदैन । त्यसकारण यस सन्दर्भमा गरिएको यो अध्ययन नितान्त नयाँ मान्न सकिन्छ । तसर्थ पूर्व साहित्यको समीक्षा गर्ने क्रममा यसै शीर्षकअन्तर्गत अनुसन्धान नभएपनि अन्य सान्दर्भिक लेख तथा रचनाहरूको समीक्षा गरिएको छ ।

यस शोधपत्रमा पूर्व साहित्यको समीक्षा गर्ने सन्दर्भमा यसलाई दुईवटा खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा अध्ययनको वैचारिक खाका प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा उपलब्ध विभिन्न अध्ययन, अनुसन्धान, लेख रचनाको लेखाजोखा गरिएको छ ।

### २.१ अध्ययनको सैद्धान्तिक खाका

लुडविङ भोन वटनफाइ (सन् १९५०) ले प्रणाली सिद्धान्तको प्रतिवादन गरेका हुन् । उनका अनुसार विभिन्न अन्तरसम्बन्धित एवम् अन्तरनिर्भर तत्वहरू वा एकाइहरू मिलेर बनेको सिङगो एकाईलाई प्रणाली भनिन्छ । हरेक प्रणाली विभिन्न सहायक प्रणालीहरू मिलेर बनेको हुन्छ । हरेक प्रणालीका  निम्न विशेषता हुने गर्दछ :

क) हरेक प्रणाली अन्तरसम्बन्धित र अन्तरनिर्भर भागहरू/तत्वहरू मिलेर बनेको हुन्छ । कुनै एउटा तत्वको परिवर्तनले सम्पूर्ण भागलाई प्रभाव पार्दछ ।

ख) हरेक प्रणालीका विभिन्न उप प्रणालीहरू (Sub System) हुन्छन् ।

ग) सबै उपप्रणालीहरू एक  आपसका सम्बन्धित हुन्छन् ।

घ) प्रणाली दृष्टिकोणले सबै उपप्रणालीहरूको पहिचान गर्दछ र सम्पूर्ण उपप्रणालीहरूको अन्तरसम्बन्धको  अध्ययन गर्नुपर्ने कुरालाई जोड दिन्छ ।

प्रणाली सिद्धान्त एउटा आधुनिक सिद्धान्त हो । प्रणाली सिद्धान्त अनुसार हरेक प्रणाली विभिन्न अन्तरसम्बन्धित एकाइ मिलेर बनेको हुन्छ । जसलाई उपप्रणाली भनिन्छ । प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न उपप्रणालीहरूको महत्वपूर्ण योगदान रहन्छ । कुनै उपप्रणाली कमजोर भएमा प्रणालीलाई प्रभाव पर्दछ । त्यस कारण प्रणालीका हरेक उपप्रणालीलाई समान ढङ्गबाट महत्वदिई अगाडि बढाउनु पर्ने कुरालाई प्रणाली सिद्धान्तले जोड दिएको छ (रिजाल, २००९ बाट उद्धृत) ।

आजको २१ औँ शताब्दीमा विश्वको परिस्थितिअनुसार सबै जाजजातिको आवश्यकतालाई बुझेर व्यवस्थापकले सही तरिकाबाट व्यवस्थापन गर्नुपर्दछ । शिक्षामा सबै जातजातिको पहुँच पुर्‍याउन सक्नुपर्दछ । सुविधाबिहीन वर्गका मानिसहरूको शिक्षामा समानुपातिक ढङ्गले पहुँच पुग्न सकेको छैन । शिक्षामा सबै तह, वर्ग र समुदायका मानिसहरूको समान सहभागिता हुनुपर्दछ । सरकारले शिक्षाक्षेत्रमा गरेको लगानीको प्रतिफल हरेक जातजाति, तल्तो वर्ग र समुदायसम्म पुग्नुपर्दछ भन्ने मान्यता अनुसार प्रणाली सीमान्तलाई यस अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ ।

नेपाल एउटा प्रणाली हो भने यहाँ बसोबास गर्ने विभिन्न जातजाति भाषाभाषी यसका उपप्रणालीहरू छन् । उपप्रणालीलाई उपयुक्त ढङ्गबाट व्यवस्थापन गर्न सक्दा मात्र प्रणालीले राम्ररी कायम गर्न सक्ने हुँदा राज्यले पनि आफ्ना जातजातिहरूलाई सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक विकासमा समान ढङ्गबाट अगाडि बढाउन सक्नुपर्दछ र मात्र राज्यको विकास सम्भव हुन्छ । प्रणाली विभिन्न उपप्रणाली मिलेर वने जस्तै राज्यपनि विभिन्न जातजाति, जनजाति, भाषाभाषी र विविध सांस्कृतिक मूल्यमान्यता बोकेर निर्माण भएको हुन्छ । यी सबै जातजातिमा राज्यले भेदभावको नीती त्यागी हरेक जातजातिका समस्याहरू पहिचान गरी समन्वयात्मक ढङ्गबाट शैक्षिक मूलप्रवाहमा ल्याउनु पर्दछ भन्ने मान्यतामा यो सिद्धान्त प्रयोग गरिएको छ ।

प्रणाली सिद्धान्तअनुसार राज्यको निर्माण विभिन्न अङ्गहरू मिलेर बनेको हुन्छ । ती सबै अङ्गहरूको पहिचान गरी अन्तरसम्बन्धको विश्लेषण गरी आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक तबरले सक्षम वनाउनुपर्दछ । कुनै अङ्ग कमजोर भएमा त्यसको प्रभाव सम्पूर्ण अङ्गहरूलाई पर्ने हुँदा राज्यले आफ्ना सबै अङ्गहरूलाई सम्पूर्णताको दृष्टिकोणले हेर्नुपर्दछ । राज्यमा बसोबास गर्ने जातजातिहरूको सन्तुलितढंगले आवश्यकता र चाहनाको पहिचान गरी जातिगत समस्याा समाधानमा विहंगम दृष्टिकोण राख्नुपर्दछ । यही सिद्धान्तअनुसार पिछडिएका आदीवासीहरूको उत्थानको लागि राज्यले लगानी गर्नुपर्दछ जसबाट शैक्षिक अवस्था सुधार र शिक्षामा पहुँच पुग्ने गर्दछ । राज्यका एउटा प्रणाली हो भने त्यहा बसोबास गर्ने जातजाति त्यसका उपप्रणाली हुन् । राज्यका केही जातजाजतिले मात्र सुविधा र अवसर पाउँदैमा विकास भएको धारणा राख्नु गतल हुन्छ । त्यसकारण राज्यले सबै जातजातिहरूमा अन्तरसम्बन्ध, समाञ्जस्यता र समन्वय कायम गरी सुविधा

विहीन र पिछडिएका वर्गको शैक्षिक अवस्था सुर्धान र शिक्षामा  पहुँच पुऱ्याउन सक्ने हुँदा यो सिद्धान्तलाई सैद्धान्तिक खाकामा राखी अध्ययनलाई अगाडि बढाइएको छ ।

अब्राहम मास्लो (सन् १९४३) का अनुसार आवश्यकता आविस्कारको जननी हो । आवश्यकताले नै मानिसलाई क्रियाशील बनाउँछ । मानिसका आवश्यकतालाई आधार मानेर अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९४३ मा उत्प्रेरणासम्बन्धी सिद्धान्तको प्रतिपादन गरे जसलाई मास्लोको आवश्यकता शृङ्खलाको सिद्धान्त भनिन्छ । मानवीय आवश्यकतामा आधारित यस सिद्धान्तलाई मानवीय उत्प्रेरणाका लागि उत्कृष्ट सिद्धान्त भनिन्छ । मास्लोका अनुसार मानिसलाई आवश्यकताले कार्यगर्न प्रेरित गर्दछ । मानिसका आवश्यकताहरू अनगिन्ती हुन्छन् जुन प्राथमिकता क्रममा रहेका हुन्छन् र एकपछि अर्को देखापर्दछ भन्ने मान्यताका आधारमा मास्लोले उत्प्रेरणा सम्बन्धी यो सिद्धान्त प्रतिपादन गरेका हुन् ।

मास्लोले आफ्नो सिद्धान्तमा प्राथमिकता क्रमअनुसार मानिसका आवश्यकतालाई ५ भागमा विभाजन गरेका छन् । जसअनुसार पहिलो आवश्यकतामा शारीरिक आवश्यकतालाई राखेका छन् जसमा गाँस, बास, कपास जस्ता आवश्यकताहरू पर्दछन् जसको पूर्ती नभई अन्य आवश्यकता मानिसमा देखा पर्दैन । यो आवश्यकता पूरा भएपछि दोस्रो आवश्यकता सुरक्षाको आवश्यकता मानिसमा देखापर्दछ जसमा आर्थिक र भौतिक सुरक्षाका आवश्यकता पर्दछन् । यो आवश्यकता सन्तुष्ट भएपछि तेस्रो सामाजिक आवश्यकता पूरा गर्ने तर्फ मानिस केन्द्रित हुन्छ । यसमा सामाजिक चाहना, सामाजिक व्यवहार, सामाजिक क्रियाकलापमा सहभागिता जस्ता कुराहरू पर्दछन् । यी आवश्यकता पूरा भएपछि  अहम/स्वाभिमानको आवश्यकता वोध हुन्छ । यसमा आफ्नो स्वाभीमानको लागि मानिस विभिन्न कार्यहरू गर्दछ अरू भन्दा आफूलाई सभ्य, शिक्षित, विकसित नागरिकका रूपमा आफूलाई विकास गर्ने प्रयास गर्दछ । यसपछि मानिसमा आत्मगौरवको आवश्यकता देखा पर्दछ जुन अन्तिम तथा पाँचौ आवश्यकता हो । यसमा मानिस आफूलाई उत्कृष्ट वनाउन, पहिचान कायम गर्ने र आत्मसन्तुष्टिका लागि कार्य गर्दछ । यसप्रकार मानिसका आवश्यकता क्रम वद्ध रूपमा देखापर्दछ र ती आवश्यकता पूरा गर्न मानिस विभिन्न कार्यहरू गर्दछ भन्ने धारणा मास्लोको उत्प्रेरणा सम्बन्धी सिद्धान्तमा पाइन्छ (के.सी., २०६४ बाट उद्धृत) ।

मास्लोको आवश्यकताको यो सिद्धान्त झाँगड जातिका बालबालिकाहरूको शिक्षाको आवश्यकता छनौटसँग सम्बन्धित रहेकाले यस सिद्धान्तलाई अध्ययनको वैचारिक खाकामा राखी अध्ययनलाई अगाडि बढाइएको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

नेपालका विभिन्न जातजातिहरूका बारेमा धेरै स्वदेशी तथा विदेशी विद्वान्‌हरूले अध्ययन अनुसन्धान गरी पुस्तकहरू लेख, रचनाहरू प्रकाशित गरेको पाइन्छ । हालसम्मका त्यस्ता अध्ययनहरू विशेष गरी पहाडी र हिमाली क्षेत्रमा बसोबास गर्ने जातजातिहरूमा केन्द्रित रहेको पाइन्छ । तराई क्षेत्रमा बसोबास गर्दै आएका आदिवासी जातजातिका बारेमा पनि केही अध्ययन अनुसन्धान भई लेख रचना, पुस्तकहरू प्रकाशित भएका छन् । यस्ता अध्ययनहरूमा ती जातजातिका शैक्षिक, आर्थिक, सांस्कृतिक पक्षमा प्रकाश पारिएको पाइन्छ । पूर्वी तराईको आदिवासी झाँगड जातिका बारेमा  खासै अध्ययन भएको पाइदैन । त्यसमा पनि शैक्षिक पक्षको अध्ययन गरी प्रकाश गरेको लेख, रचना, पुस्तक, बिरलै होलान त्यसैले यहाँ यस जातिसँग सम्बन्धित विभिन्न लेख, रचना, पुस्तक, शोधपत्र आदिमा उल्लेख भएका कुरा साथै यो जातिसँग मिल्ने लेख, रचना, शोधपत्र आदिको समीक्षा गरीएको छ ।

खनाल (२०६१) ले नेपालमा सबैका लागि शिक्षा सुलभ हुन नसकेका कारण न्यून साक्षरता रहेको र शिक्षामा हुने सरकारी लगानीको प्रतिफल सबै बर्गमा समान ढङ्गबाट पुग्न नसकेको कुरा उल्लेख छ । साथै शैक्षिक विकेन्द्रीकरणको प्रमुख उद्देश्य सेवाग्राहीको पहुँचमा वृद्धि गराउनु हो । विद्यालय नगएका लक्ष्यित समूह जसभित्र जनजातिका बालबालिकाहरू समेत पर्दछन् । तिनीहरूमा न्यायोचित र यथेष्ट शैक्षिक सेवा पुऱ्याउनु शैक्षिक विकेन्द्रीकरणको उद्देश्य हो भन्ने विचार उल्लेख गरेका छन् (खनाल, २०६२) ।

उप्रेती (२०६३) ले धिमालजातिको शैक्षिक अवस्थाको बारेमा अध्ययन गरी यस जातिको शैक्षिक अवस्था दयनीय रहेको कुरा उल्लेख गरेका छन् जसको कारणमा आर्थिक अवस्था कमजोर हुनु, जनचेतनाको कमी, फजुल खर्च गर्ने बानी, सामाजीक कुरिति र अन्धविश्वास, परम्परागत सोच, मातृभाषाका पाठ्यपुस्तक र शिक्षणको अभाव आदि हुन् भनेका छन् र जसको समाधानको उपायहरूमा आर्थिक अवस्थामा सुधार गर्नुपर्ने, योजनाबद्ध शैक्षिक कार्यक्रमको व्यवस्था, रोजगारमूलक तथा जनचेतनामूलक कार्यक्रमको सञ्चालन गर्नुपर्ने, शैक्षिक ऋण उपलब्ध गराउनु पर्ने र मातृभाषाामा पुस्तक तयार गरी  शिक्षण गर्नुपर्ने कुरा उल्लेख गरेका छन् (उप्रेती, २०६३) ।

शर्मा (२०५६) का अनुसार झाँगडहरू पिछडिएका जाति भएकाले यिनीहरूको मुख्य पेसा कृषि हो, यसका अतिरिक्त यिनिहरू पशुपालन, ज्यालामजदुरी, माछामार्ने, आदि पेसा गरी जीवीकोपार्जन गर्दछन । यी जातिहरू खेतीपातीका काममा सिपालु भए पनि सर्वहारा कृषि मजदुरका रूपमा रहेका छन्  (शर्मा, २०५६) ।

विष्ट (२०५२) का अनुसार झाँगड जाति आर्थिक, शैक्षिक, राजनैतिक क्षेत्रमा पछि परेका छन् । यस जातिका मानिसहरू मुद्दामामिला, झैझगडा आफ्नो जातीय सामाजिक व्यवहारबाट मिलाउँछन् र अन्य जातिले समान व्यवहार नर्गनाले आत्मलघुताको भावना रही आएको छ । झाँगडहरू व्यापारी, जमिन मालिक र ठूला जातका मानिसहरूबाट ठगिदै शोषित भएका र यिनीहरू अधिकांशको आफ्नो स्वामित्वमा जमिन नभएकाले श्रममूलक कामगरी गुजारा गर्दछन (विष्ट, २०५२) ।

भट्टराई (२०६४) ले झाँगडजातीको सम्पति माथिको पहुँच शीर्षकमा गरिएको अध्ययनमा एकात्मक र संयूक्त पारिवारिक प्रणालीमा रमाउने झाँगड जातिको मुख्य समस्याको रूपमा अशिक्षा, गरिबी, चेतनाको अभाव, भाषिक समस्या, सामाजिक पछौटेपन, अन्धविश्वास र परम्पराबाट ग्रसित, भूमिहीनताको अवस्था, व्यवसायिक सीप र दक्षताको अभाव, शिक्षाप्रतिको उदासीनता रहेको छ र यसको समाधानका लागि आर्थिक अवस्थामा सुधार, रोजगारमूलक शिक्षाको व्यवस्था, सामाजिक चेतनामा वृद्धि, रोजगारमूलक तालिमको व्यवस्था गरी यिनीहरूको जीवनपद्धतिमा सुधारगर्न सकिने कुरा उल्लेख गरिएको छ (भट्टराई, २०६४) ।

सिटौला (२०६०) ले झाँगड जातिको बदलिदो स्थितिको शीर्षकमा गरिएको अनुसन्धानमा झाँगड जातिको सामाजिक आर्थिक, साँस्कृतिक पक्षको अध्ययन गरिएको छ । आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा पछि परेका झाँगड जातिको मुख्य पेसा कृषि भए पनि भूमिहीन रहेको कुरा उल्लेख गरीएको छ । अन्धविश्वास र रुढीवादी परम्परामा विश्वास गर्ने, फजुल खर्च गर्ने, शिक्षाप्रति आकर्षण कम भएको, परिवार नियोजनप्रति चेतना कम, विद्यालय जाने उमेरका अधिकांश बालबालिका विद्यालयजानबाट वञ्चित, चेतनाको अभाव, लोपोन्मुख, असमान व्यवहार सँस्कृति भएको जातिको रूपमा झाँगड जातिलाई प्रस्तुत गरिएको छ । उनीहरूको आर्थिक अवस्थामा सुधार गर्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट जमिन उपलब्ध गराउनुपर्ने, सीपमूलक तालिमको व्याख्या गर्नुपर्ने, विना धितो ऋण उपलब्ध गराई खेती, पशुपालन, माछापालनलाई प्रोत्साहित गर्नुपर्ने, कृषि बजारको व्यवस्था गर्नुपर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आदि कुरा उल्लेख गरिएको छ ( सिटौला, २०६०) ।

दुलाल (२०५८) ले आफ्नो शोधपत्रमा दुलारी गा.वि.स. का झाँगड जातिको सामाजिक, आर्थिक पक्षको अध्ययन गर्नुभएको छ । जसमा झाँगडजातिको उत्पत्ति, सामाजिक जनजीवन, शिक्षा, भाषा धर्म, रहनसहन, चाडपर्व, आर्थिक अवस्था आदिको बारेमा अध्ययन गरिएको छ । जसमा भारतको रौताहजगढ आफ्नो जातिको मूलथलो भएका झाँगडहरू करिब १५, १६ शताब्दीतिर पूर्वी नेपालमा प्रवेश गरी बसोबास गर्न थालेका, हिन्दुधर्म मान्ने आर्थिक, सामाजिक, शैक्षिक रूपमा पछाडि परेका अन्धविश्वास र रुढीवादीले ग्रसित आदिवासी हुन् भनि उल्लेख गरेको छ । मूख्य पेसा कृषि र मजदुरी भएका झाँगड जातिमा शैक्षिकक्षेत्रमा छोरालाई भन्दा छोरीलाई कम प्राथमिकता दिइएको, खानपिन तथा भेशभुषामा सामान्य परिवर्तन आए पनि स्वास्थ्य सरसफाइमा सुधार नआएको उल्लेख गरिएको छ । झाँगडहरूको आर्थिक, सामाजिक। शैक्षिक स्थितिमा सुधार ल्याउन

राष्ट्रियस्तरमा कार्यक्रम तर्जुमा गरी लागू गर्नुपर्ने, अरू जातिसरह समान अवसर प्रदान गर्नुपर्ने विस्तृत अध्ययन अनुसन्धान गरी यिनीहरूका समस्या पहिचान गरी उचित कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ (दुलाल, २०५८) ।

अन्तरिम संविधान (२०६३) अनुसार राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारीक आस्था वा ती मध्य कुनै कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला, दलित, आदिवासी, जनजाति, मधेसी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक वृद्ध तथा अपाङ्ग वा शारीरिकवा मानसिक रूपले असक्त व्यक्तिको संरक्षण सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने छ । आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, समुदाय, उत्पीडितवर्ग, गरिब, किसान र मजदुरलाई समानुपातिक समाबेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने अधिकार हुने छ (अन्तरिम संविधान, २०६३) ।

अन्तरिम योजना (२०६४) अनुसार कानुनी विभेद, मातृभाष शिक्षानपाउनु, राजनैतिक पहुँचकम, भाषा, संस्कृति, धर्म र जातका आधारमा भेदभाव हुन, शिक्षामा परापूर्वकाल-देखि वञ्चित आदि आदिवासी जनजातिका प्रमुख समस्या हुन । यस्ता समस्या समाधानका लागि शिक्षा, स्वास्थ्य र रोजगारीलाई अधिकारका रूपमा स्थापित गर्ने, वञ्चितमा परेका सुदायलाई विकासको मूलधारमा ल्याउन बहुभाषिक शिक्षाको व्यवस्था गरी विद्यालय भर्नादर बढाउने, आदिवासी जनजातिको शैक्षिकस्तर वृद्धि गर्न प्रोत्साहन सहितको अनिवार्य तथा निःशुल्क शिक्षा दिइने छ (अन्तरिम योजना, २०६४) ।

ने.क.पा. माओवादीको प्रतिबद्धता पत्र (२०६४) अनुसार शिक्षामा सबैको मौलिक अधिकार स्थापित गरिने छ । राज्यका तर्फबाट व्यापक साक्षरता अभियान सञ्चालन गरी ५ वर्षभित्रमा निरक्षरता उन्मूलन गरिने छ (घोषणा पत्र, २०६४) ।

ने.क.पा. एमालेको घोषणा पत्र (२०६४) अनुसार भेदभावपूर्ण सामाजिक संरचना र त्रुटिपूर्ण राज्य ढाँचाको कारणले पाखा परेका पिडीत समुदायका समस्यालाई सम्बोधन गर्ने नयाँ लोकतान्त्रिक राज्य संरचनाको आधार निर्माण गर्ने र मूलुकका निरक्षरता उन्मूलन गर्न राष्ट्रियरूपमा अभियान सञ्चालन गरी महिला, पिछडिएका जाति, जनजाति एवम् दलित बालबालिका तथा अपाङ्गलाई शिक्षाको आधार प्रदान गर्न विशेष व्यवस्था गरिने छ (घोषणा पत्र, २०६४) ।

## २.३ पुनरवलोकनको शैक्षिक उपादेयता

प्रस्तुत सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरवलोकनबाट अहिलेसम्म यस विषयसँग सम्बन्धित भई स्थापित भएका सिद्धान्त र सिद्धान्तले बनाएका मूलभूत पक्षहरू उजागर हुने गर्दछ । त्यसै गरी सम्बन्धित साहित्यको पुनरवलोकनबाट झाँगड समुदायका बालबालिकाहरूको विद्यालय सहभागिता, शैक्षिक उपलब्धि, उनीहरूले भोग्नु परेका शैक्षिक समस्या र समाधानका

उपायहरू खोजी गर्न मार्गनिर्देश र स्पष्टता प्रदान गर्नेहुँदा यस शीर्षकमा अध्ययन गर्न सहयोग पुग्ने देखिन्छ ।

# परिच्छेद : तीन

# अनुसन्धान विधि

अनुसन्धान विधि शोधप्रतिवेदनकालागि अनिवार्य हुन्छ । कुनै पनि समस्याको वैज्ञानिक ढङ्गबाट अध्ययन अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । यसमा आवश्यक तथ्याङ्क सङ्कलन गर्ने तरिका, अनुसन्धान ढाँचा, नमुना छनौट र यसका विधिहरू उल्लेख गरिएको हुन्छ । यस अध्ययनका उद्देश्यहरू प्राप्त गर्न निम्नानुसारको अनुसन्धान पद्धति उपयोग गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा अध्ययनको व्यापक योजना हो । यसमा खोजगर्ने योजना, खोजको संरचना खोजको रणनिति तयार पारिएको हुन्छ । शोधकर्ताबाट निर्धारण गरिएको उद्देश्य पुरा गर्न अनुसन्धान कर्ताले अध्ययनको प्रकृतिअनुसार अनुसन्धान ढाँचा अपनाउनुपर्ने हुन्छ । यस शोधकार्यमा विषयवस्तुसँग सम्बन्धित अन्तवार्ता, प्रश्नावली, अध्ययन, अवलोकन, तथ्याङ्क सङ्कलन आदिबाट प्राप्त गुणात्मक तथा परिमाणात्मक जानकारी र तथ्याङ्कको विश्लेषणका लागि वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचा प्रयोग गरिएका छ ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

### ३.२.१ अध्ययनको जनसङ्ख्या

यस अध्ययनकालागि मोरङ जिल्ला मृगौलिया गा.वि.स. मा बसोबास गर्ने झाँगडजातिको प्रतिनिधित्व गर्दै उक्त गा.वि.स.मा रहेका ८ वटा सामुदायिक विद्यालयलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.२.२ नमुना छनोटका आधारहरू

यस अध्ययनको निर्धारित उद्देश्य पूरा गर्न निम्नानुसार जनसङ्ख्या नमुना छनोट गरिएको छ :

क) विद्यालयको छनोट : यस गा.वि.स. मा पर्ने ८ वटा विद्यालय मध्ये झाँगड जातिको बसोबास रहेको क्षेत्रमा पर्ने २ वटा प्रा.वि. र २ वटा मा.वि. छनोट गरिएको छ ।

ख) शिक्षक छनोट : नमुना छनोटमा परेका ४ वटा विद्यालयका प्र.अ. र २/२ जना शिक्षक छनोट गरिएको छ ।

ग) बालबालिकाको छनोट : निर्धारित विद्यालय सेवा क्षेत्रभित्रका सबै विद्यालय जाने झाँगड बालबालिकाहरूलाई सीमित स्रोत र साधनका कारण अध्ययनमा समावेश गर्न नसकिने भएकाले प्रत्येक विद्यालयबाट २ छात्र र २ छात्रा गरी ४/४ जना झाँगड बालबालिका छनोट गरिएको छ ।

घ) अभिभावकको छनोट : यस अध्ययनका लागि सीमित स्रोत र साधनका कारण सम्पूर्ण अभिभावकलाई समावेश गर्न नसकिने भएकाले झाँगड घरधुरीको २० प्रतिशत घरधुरी छनोट गरी सो घरको अभिभावभलाई छनोट गरिएको छ ।

### ३.२.३ नमुना छनोट विधि

यस अध्ययनको उद्देश्य पूरा गर्न नमुना छनोट गर्दा निम्न विधि अवलम्बन गरिएको छ ।

क) विद्यालयको छनोटमा उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ ।

ख) शिक्षकको छनोट गर्दा उक्त विद्यालयमा झाँगड शिक्षक स्वत: र झाँगड शिक्षक नभएमा सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरिएको छ ।

ग) अभिभावकको छनोट गर्न संम्भावनायुक्त छनौट विधि अपनाइएको छ ।

घ) बालबालिकाको छनोट गर्दा सम्बन्धित विद्यालयमा भर्ना भएका झाँगड जातिका छात्रछात्राको सूची बनाई प्रत्येक विद्यालयबाट सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

वैज्ञानिक अध्ययन अनुसन्धानका लागि तथ्याङ्क अति आवश्यक हुन्छ । यस्ता तथ्याङ्क विभिन्न तरिकाबाट सङ्कलन गरिएको छ । यस अनुसन्धानका लागि अनुसन्धानकर्ता आफै अध्ययन क्षेत्रमा गई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यस अधययनको लागि आवश्यक तथ्याङक जानकारी प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली अन्तवार्ता, छलफल, सोधपुछ, अध्ययन तथा अवलोकन विधि अपनाइएको छ भने द्वितीय स्रोतअन्तर्गतका तथ्याङ्क सङ्कलन गर्न विभिन्न प्रकाशित तथा अप्रकाशित सामग्रीहरू पुस्तक, लेख, रचना , पत्रपत्रिका, शोधपत्र, अध्ययन प्रतिवेदन आदिको अध्ययन गरिएको छ साथै गा.वि.स., जि.वि.स. कार्यालय र विद्यालयका अभिलेखहरूबाट पनि आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । अभिभावक प्र.अ. शिक्षक तथा बालबालिकाहरूसँग छलफल ,अर्न्तवार्ता, प्रश्नावली गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क मुख्य गरी २ वटा स्रोतबाट सङ्कलन गरिन्छ । यस शोधकार्यको सन्दर्भमा तथ्याङ्क सङ्कलन गर्दा निम्नानुसार २ वटा स्रोतको उपयोग गरिएको छ :

क) प्राथमिक स्रोत : तथ्याङ्क सङ्कलन गर्ने एउटा महत्वपूर्ण स्रोत प्राथमिक स्रोत हो । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कन गर्न प्राथमिक स्रोतका रूपमा मोरङ जिल्ला मृगौलिया गा.वि.स. मा बसोबास गर्ने झाँगड अभिभावकहरू, झाँगड बालबालिकाहरू, प्र.अ, शिक्षक, विद्यार्थी आदिलााई लिइएको छ भने उनीहरूबाट आवश्यक तथ्याङ्क प्राप्त गर्न स्थलगत अध्ययन, प्रश्नावली, छलफल, अन्तर्वाता आदि विधिको उपयोग गरिएको छ ।

ख) द्वितीय स्रोत : द्वितीय स्रोतअन्तर्गत प्रकाशित र अप्रकाशित स्रोतहरू लेख, रचना, पुस्तक, अभिलेख, प्रतिवेदन, पत्रपत्रिका आदि पर्दछन् । जसको अध्ययन, विश्लेषणबाट आवश्यक तथ्याङ्क जानकारी सङ्कलन गरिन्छ । यस अध्ययनका लागि द्वितीय स्रोतअर्न्तगत विभिन्न पुस्तकहरू, पत्रपत्रिका, झाँगड जातिसँग सम्बन्धित लेख, रचनाहरू, सङ्घसस्थाका अध्ययन प्रतिवेदनहरू, विद्यालयका अभिलेखहरू, शोधपत्र, गा.वि.स., जि.वि.स. का अभिलेखहरू आदिलाई लिइएको छ ।

## ३.५. तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानका लागि प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरी सकेपछि ती तथ्याङ्कलाई अर्थपूर्ण र तर्कपूर्ण बनाउन प्रभावकारी प्रस्तुतीकरण र विश्लेषणको आवश्यकता पर्दछ । किनभने कुनैपनि अनुसन्धानको सार्थकता विभिन्न स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको व्यवस्थित, आकर्षित, तर्कपूर्ण तथा अर्थपूर्ण प्रस्तुतीकरण र विश्लेषणमा भर पर्दछ । तसर्थ यस अध्ययनमा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त सूचना जानकारीहरूलाई गुणात्मक ढङ्गबाट व्याख्या गरी परिमाणात्मक तथ्याङ्कलाई तालिका, ग्राफ, स्तम्भचित्र, वृत्तचित्र र प्रतिशतको माध्यमबाट प्रदर्शन, व्याख्या तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्कको प्रस्तुतीकरण तथा विश्लेषण

कुनैपनि अध्ययन अनुसन्धानको महत्वपूर्ण भाग सङ्कलन गरिएका तथ्याङ्क, जानकारीहरूको प्रस्तुतीकरण र विश्लेषण हो । विभिन्न स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्क जानकारीहरूलाई तर्कपूर्ण र अर्थपूर्ण ढङ्गबाट तालिका, ग्राफ, स्तम्भ चित्र आदिमा प्रस्तुत गरी विश्लेषण गर्न आवश्यक हुन्छ । यस परिच्छेदमा मोरङ जिल्ला मृगौलिया गा.वि.स.का साथै झाँगड जातिको सङक्षिप्त परिचय प्रस्तुत गरिएको छ भने झाँगड जातिका बालबालिकाहरूको विद्यालय सहभागिता, शैक्षिक उपलब्धि, उनीहरूले भोग्नुपरेका शैक्षिक समस्या र समाधानका उपायहरू प्रस्तुत गरिएको छ ।

### ४.१ मोरङ जिल्लाको परिचय

नेपालका पाँच विकास क्षेत्रअन्तर्गत पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने तीनवटा अञ्चलमध्ये कोसी अञ्चल एक हो । कोसी अञ्चलअन्तर्गतका ६ वटा जिल्लामध्ये मोरङ जिल्ला एक हो । २६°२०' देखि २६° ५६' सम्मको अक्षांश र ८७°१६' देखि ८७°४१' सम्मको देशान्तरमा फैलिएको यस जिल्लाको कुल क्षेत्रफल १८५५०० हेक्टर (१८५५ वर्ग कि.मि) रहेको छ । पूर्वमा इलाम र झापा , उत्तरमा धनकुटा र पाचँथर , पश्चिममा सुनसरी र दक्षिणमा भारतको बिहार प्रान्तको बीचमा अवस्थित यस जिल्लाको कुल जनसङ्ख्या (२०५८ को जनगणनाअनुसार ) पुरुष ४२२८९५ र महिला ४२०३२५ गरि जम्मा ८४३२२० रहेको छ ।

नेपालका ७५ जिल्लामध्ये पूर्वाअञ्चलकै विकसित जिल्लाको रूपमा रहेको यो जिल्ला जनसङ्ख्याका दृष्टिले दोस्रो ठूलो जिल्ला हो । प्राचीन समयमा "हाङ" नाम गरेका किरात राजाले राज्य गरेको यो क्षेत्रलाई "मावारङ" भनिथ्यो । यही मावारङ शब्द अपभ्रंश भई मोरङ भएको किम्वदन्ति पाइन्छ । ६५ गा.वि.स. र एक उपमहानगरपालिका भएको यस जिल्लाको ८ गा.वि.स पहाडी भूभागमा पर्दछ भने ५७ वटा गा.वि.स. र एक उपमहानगरपालिका समथर भुभागमा पर्दछ ।

विकासको दृष्टिकोणले मुलुककै एक महत्वपूर्ण जिल्लाको रूपमा रहेको यस जिल्लामा आर्थिक , सामाजिक र भौतिक अग्रसरता राम्रो देखिन्छ । मुख्य आर्थिक क्रियाकलाप कृषि भएपनि औद्योगिक क्षेत्रबाट पनि यस जिल्लाको आर्थिक विकास सन्तोषजनक रहेको छ । यस जिल्लाको शैक्षिक अवस्थाको आँकडा सन्तोषजनक देखिन्छ । ६६.८% पुरुष र४६.६ % महिला गरी ५६.७%कूल साक्षरता रहेको देखिन्छ ।यस जिल्लामा सरकारी तथा निजी विद्यालयहरू ६९५ वटा ,उ.मा.वि ३० वटा, क्याम्पस १३वटा, विश्वविद्यालय १ वटा, होमियोपेथिक मेडिकल कलेज १ वटा र प्राविधिक तथा

व्यावसायिक शिक्षालय १० वटा रहेका छन् । यस जिल्लाको विद्यार्थी भर्नादर ८९.६६% रहेको छ ( जि.वि.स. मोरङ २०६४) ।

## ४.२ मृगौलिया गा.वि.स को परिचय

### ४.२.१ मृगौलिया गा.वि.स को भौगोलिक परिचय

मृगौलिया गा.वि.स. पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत कोशी अञ्चलको मोरङ जिल्लाका ६५ गा.वि.स मध्यको एउटा गा.वि.स हो । पूर्वपश्चिम महेन्द्रराजमार्गको उत्तर देखि दक्षिणसम्म फैलिएको यस गा.वि.स को क्षेत्रफल २४.६९ वर्ग कि.मि (४४१२ विघा ) रहेको छ । मृगौलिया गा.वि.स पूर्वमा हरैंचा र इन्द्रपुर, पश्चिममा सुन्दरपुर र दुलारी, उत्तरमा केराबारी र दक्षिणमा डङ्ग्राह गा.वि.स का बीचमा रहेको छ । यस गा.वि.स को १०५३ बिघा वनजङ्गल ,५१ विघा पर्तीवाझो ,२८६९ विघा खेतीयोग्य जमिन , १९५ बिघा आवास ,४६ बिघा नदी ,सिम र पोखरी र १९८ बिघा बाटोघाटोले ढाकेको छ ( गा.वि.स विवरण २०५८) ।

### ४.२.२ मृगौलिया गा.वि.स को जनसाङ्खिकीय विवरण

मृगौलिया गा.वि.स. भौगोलिक दृष्टिले सानो भए पनि जनसङ्ख्याको दृष्टिकोणले सानो छैन । पूर्वपश्चिम महेन्द्र राजमार्गको दायाँवायाँ किनारामा शहरीकरण हुँदै गएको वस्ती र उत्पादकत्व राम्रो भएको जमिनका कारणले जनसङ्ख्याको चाप बढ्दो छ । यस गा.वि.स मा पुरुष ६५५२ र महिला ६३६१ गरी जम्मा १२९१३ जनसङ्ख्या रहेको छ । विभिन्न जातिहरूको २४५१ घर परिवारको बसोबास रहेको यस गा.वि.स. को जातिगत जनसङ्ख्यालाई अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.२.३ मृगौलिया गा.वि.स को शैक्षिक अवस्था

मृगौलिया गा.वि.स. को शैक्षिक अवस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ : मृगौलिया गा.वि.स. को ६वर्ष माथिको साक्षरता अवस्था

| क्र.स | विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | साक्षर | ३१६८ | ५९.९५ | २०६० | ३६.८९ | ५२३८ | ४७.२९ |
| २ | निरक्षर | २२९९ | ४२.०५ | ३५४१ | ६३.११ | ५८३९ | ५२.७१ |
| | जम्मा | ५४६७ | १००.०० | ५६११ | १००.०० | ११०७८ | १००.०० |

स्रोतः जि.वि.स. मोरङ, २०६४

मृगौलिया गा.वि.स यातायात र शैक्षिक सुविधाको दृष्टिले तुलनात्मक रूपमा सुगम भए पनि शैक्षिक अवस्थाको दृष्टिले कमजोर देखिन्छ । यस गा.वि.स को साक्षरता ४७.२९ प्रतिशत रहेको छ । यसलाई हेर्दा यस गा.वि.स. का आधाभन्दा बढि ५२.७१ % जनता निरक्षर छन् । ८ वटा सरकारी र ४ वटा निजी विद्यालय भएको यस गा.वि.स मा प्राथमिक तहमा २१८९ जना र जम्मा ३४७८ जना

विद्यार्थीहरू अध्ययनरत छन् । सरकारी विद्यालयमा शिक्षक शिक्षिकाको सङ्ख्या ७९ भएको यस गा.वि.स का ६ वर्ष माथिको जनसङ्ख्यामा ५६.३५% विद्यालय गएका र ४३.३५% नगएका देखिन्छ । १०-१४ वर्ष उमेरका बालबालिकाहरुको साक्षरता प्रतिशत ८१%(८३.३% बालक र ७८.९% बालिका ) देखिन्छ भने १५ वर्ष माथिको प्रौढ साक्षरता ४३.२९ % देखिन्छ । यो तथ्यलाई हेर्दा नयाँ पुस्तामा शिक्षाप्रतिको आर्कषण बढ्दो छ भने निराक्षरको सङ्ख्या पनि ठूलो चुनौतीका रूपमा रहेको छ ।

### ४.२.४ मृगौलिया गा.वि.स को आर्थिक अवस्था

यस गा.वि.स. का अधिकांश मानिसहरुको मुख्य पेसा कृषि रहेको छ । कृषिअन्तर्गत खेतिपाति, पशुपालन, मत्स्यपालन, कुखुरापालन आदि रहेको देखिन्छ । खेतीयोग्य जमिन र सिचाइको सुविधा हुँदाहुँदै पनि २४५१ परिवारमध्ये १६७९ परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको छ । ५५९ परिवार भुमिहीन, ५६८ परिवार घडेरी मात्र भएका, ५५२ परिवार १५ कठ्ठाभन्दा कम जमिन भएका, ५९४ परिवार ३ बिघासम्म जमिन भएका र १७८ परिवार ३ बिघा भन्दाबढी जमिन भएका परिवार छन् । खाद्यान्न उपलब्धताको अवस्थालाई हेर्दा यस गा.वि.स मा ४५% जनता ०-६ महिना मात्र खान पुग्ने ,२८%जनता ६-१२ महिना खान पुग्ने र २७% १ वर्षभन्दा बढी खान पुगी बचत गर्ने जनताको बसोबास रहेको छ (गा.वि.स. विवरण, २०५९) ।

### ४.२.५ मृगौलिया गा.वि.स. का झाँगडहरूको विवरण

नेपालका आदिवासी जनजाति मध्येको अल्पसङ्ख्यक तथा पिछडिएको जाति हो झाँगड । यो जाति पूर्वाञ्चल विकास क्षेत्रको मोरङ र सुनसरी, जनकपुर अञ्चलको जनकपुर क्षेत्र र पर्सा जिल्लामा अधिक बसोबास गर्दछन् । नेपालमा यो जातिको सङ्ख्या ४१७६४ जना (०.१८%), मोरङमा १३१९८ जना (१.५७%) र मृगौलिया गा.वि.स. मा ५७५ (४.४५%) रहेको छ । द्रविक परिवारको मानिने यो जातिको आफ्नै भाषा र आफ्नो छुट्टै संस्कृति रहेको छ । हिन्दू धर्म मान्ने यो जातिको वर्ण कालो हुन्छ । कृषि र मजदुरी पेसा गर्ने, आर्थिक रूपमा पछाडि परेको यो जातिको साक्षरता २५.९१ प्रतिशत रहेको छ ।

झाँगड, उराव, मुण्डा आदि थरले चिनिने मृगौलिया गा.वि.स. को जातिगत जनसङ्ख्याको विवरणमा पाँचौं स्थानमा रहेको यस जातिको बसोबास मृगौलिया गा.वि.स. को वडा नं. ३, ५, ६ र ९ मा रहेको छ । यस गा.वि.स. का झाँगडहरूको जनसङ्ख्या तथा साक्षरताको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २ : मृगौलिया गा.वि.स. का झाँगडहरूको जनसङ्ख्या तथा साक्षरताको अवस्था


| वडा नं. | परिवार सङ्ख्या | झाँगडहरूको जम्मा सङ्ख्या | ६ वर्षमाथिको साक्षरता | निरक्षरता | एस.एल.सी. उत्तीर्ण झाँगडको सङ्ख्या |
|---|---|---|---|---|---|
| ३ | २१ | १३० | ५७ | ५८ | २ |
| ५ | ४१ | २२३ | ७३ | १२९ | २ |
| ६ | २२ | १२० | ३४ | ६८ | १ |
| ९ | १६ | ७३ | ३६ | ३७ | ३ |
| जम्मा | १०० | ५४६ | २०० | २९१ | ८ |
| साक्षरता प्रतिशत | | | ४०.६५% | ५९.३५% | |

(स्रोत : गा.वि.स. विवरण २०६५)

नोटः मृगौलिया गा.वि.स. मा झाँगड जातिको सङ्ख्या २०५८ को जनगणना अनुसार ५७५ भए पनि गा.वि.स. विवरण २०६५ मा ५४६ मात्र रहेको छ ।

माथिको तालिकामा मृगौलिया गा.वि.स. का झाँगडहरूको वडा गत घरपरिवार, जनसंख्या र साक्षरतालाई देखाइएको छ । वडा नं. ५ मा सबभन्दा बढी ४१ परिवारका २२३ जना छन भने सबभन्दा कम वडा नं. ९ मा १६ परिवारका ७३ जना रहेका छन् । जम्मा परिवार सङ्ख्या १०० र जम्मा सङ्ख्या ५४६ रहेको झागँड जातिको ४०.६५% साक्षर छन् भने ५९.३५% झाँगड निरक्षर रहेका छन् भने यस गा.वि.स. मा एस.एल.सी. पास गर्ने झाँगडको सङ्ख्या ८ रहेको छ । यसरी हेर्दा झाँगडहरूको राष्ट्रिय साक्षरता प्रतिशत भन्दा मृगौलिया गा.वि.स. का झाँगडहरूको साक्षरता प्रतिशत बढी भए पनि राष्ट्र, जिल्ला र गा.वि.स. को साक्षरता प्रतिशतभन्दा कम रहेको देखिन्छ । ५४६ जनसङ्ख्या भएको झाँगड जातिमा ८ (१.४७%) जना मात्र एस.एल.सी. पास गर्ने व्यक्ति हुनुले यिनीहरूको उच्च शिक्षामा पहुँच नभएको कुरा देखाउँछ भने ५९.३५% झाँगडहरू निरक्षर हुनु राष्ट्रका लागि ठूलो समस्या हो । यसले २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने नारालाई चुनौती दिएको छ । माथिको तालिकालाई निम्नानुसा वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र १ : झाँगड जातिको साक्षरता स्थिति




## ४.३ झाँगड जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता

यस अन्तर्गत झाँगड बालबालिकाहरूको शै.व. २०६३-०६६ को भर्ना स्थिति, कक्षागत भर्ना स्थिति र विद्यालय जाने तथा नजाने झाँगड बालबालिकाहरूको स्थितिलाई प्रस्तुत गरिएको छ ।

### ४.३.१ विद्यालयगत विद्यार्थी विवरण

मृगौलिया गा.वि.स. का ४ वटा वडामा बसोबास गर्ने झाँगड जातिका बालबालिकाहरूको विभिन्न वर्षको विद्यालय सहभागितालाई विद्यालयगत रूपमा निम्नानुसार देखाउन सकिन्छ :

तालिका ३ : छनौटमा परेका विद्यालयमा झाँगड विद्यार्थीहरूको विवरण

| क्र.सं. | विद्यालयको नाम | कक्षा | शै.व. २०६३ | | शै.व. २०६४ | | शै.व. २०६५ | | शै.व. २०६६ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा विद्यार्थी | झाँगड विद्यार्थी | जम्मा विद्यार्थी | झाँगड विद्यार्थी | जम्मा विद्यार्थी | झाँगड विद्यार्थी | जम्मा विद्यार्थी | झाँगड विद्यार्थी |
| १ | माध्यमिक विद्यालय मृगौलिया-२ | १-५ | ३४७ | १८ | ३५४ | २० | ३१० | २२ | २७९ | २३ |
| २ | देवता प्रा.वि. मृगौलिया-५ | १-५ | १७२ | ४९ | २०३ | ५७ | १५२ | ४६ | १६९ | ५४ |
| ३ | सूर्योदय प्रा.वि. मृगौलिया-६ | १-४ | १०२ | ८ | १११ | १७ | १२५ | १५ | १३१ | १९ |
| ४ | शिक्षा निकेतन मा.वि. मृगौलिया-९ | १-५ | ३९९ | १७ | ३५० | ११ | ३१६ | १४ | ४७६ | ३६ |
| | जम्मा | | १०२० | ९२ | १०१८ | १०५ | ९०३ | ९७ | १०५५ | १३२ |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा विद्यालयगत रूपमा शै.व. २०६३, ०६४, ०६५ र ०६६ को जम्मा विद्यार्थी तथा झाँगड विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ । जसमा देवता प्रा.वि. मा झाँगड विद्यार्थीको सङ्ख्या सबभन्दा बढी रहेको छ भने त्यसपछि माध्यमिक विद्यालयमा अनि शिक्षानिकेतन

मा.वि. र सबभन्दा कम सूर्योदय प्रा.वि. मा रहेको देखिन्छ । देवता प्रा.वि. मा बढी विद्यार्थी हुनुमा त्यहाँ झाँगड वस्ती ठूलो हुनु हो भने सुर्योदयमा कम हुनुमा कक्षा ४ सम्ममात्र पढाई हुनु हो ।

## ४.३.२ झाँगड बालबालिकाहरूको शैक्षिक वर्ष २०६३-०६६ को भर्ना स्थिति

मृगौलिया गा.वि.स. वडा नं. ३,५,६ र ९ मा बसोबास गर्ने बालबालिकाहरू अध्ययन गर्ने विद्यालयहरूमा २ वटा प्रा.वि. र २ वटा मा.वि. रहेका छन् । यी विद्यालयहरूमा शै.व. २०६३, ०६४, ०६५ र ०६६ मा भर्ना भएका झाँगड बालबालिकाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका ४ : शै.व. २०६३-०६६ मा विद्यालयमा भर्ना भएका झाँगड बालबालिकाको विवरण

| शै.व | जम्मा विद्यार्थी सङ्ख्या | | | झाँगड विद्यार्थी सङ्ख्या | | | झाँगड विद्यार्थी भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०६३ | ५१६ | ५०४ | १०२० | ५९ | ३३ | ९२ | ११.४३ | ६.५५ | ९.०२ |
| २०६४ | ६१० | ४०८ | १०१८ | ६७ | ३८ | १०५ | १०.९८ | ९.३१ | १०.३१ |
| २०६५ | ४७५ | ४२८ | ९०३ | ५२ | ४५ | ९७ | १०.९८ | १०.५१ | १०.७४ |
| २०६६ | ५२६ | ५२९ | १०५५ | ७२ | ६० | १३२ | १३.६९ | ११.३४ | १२.५१ |

स्रोतः विद्यालय अभिलेख, २०६६


माथिको तालिकामा शै.व. २०६३ मा जम्मा विद्यार्थी १०२० भर्ना भएकोमा झाँगड बालबालिकाको भर्ना संख्या ९२ (९.०२%) रहेको छ । त्यसरी नै शै.व. २०६४ मा १०१८ भर्ना भएकोमा झाँगडको भर्ना सङ्ख्या १०५, (१०.३०%), २०६५ सालमा जम्मा ९०३ भर्ना भएकोमा झाँगड बालबालिकाको भर्ना सङ्ख्या ९७(१०.७४%) र शै.व. २०६६ मा जम्मा विद्यार्थी १०५५ भर्ना भएकोमा झाँगडको भर्नासंख्या १३०(१२.५१%) रहेको छ । जसमा झाँगड छात्रहरूको भर्नादर शै.व. ०६३, ०६४, ०६५ र ०६६ मा क्रमशः ११.४३, १०.९८, १०.९५ र १३.६९ प्रतिशत रहेका छ । भने छात्राहरूको भर्नादर क्रमश : ६.५५, ९.३१, १०.५१ र ११.३४ प्रतिशत रहेको छ । उक्त तथ्याङ्कलाई हेर्दा झाँगड छात्रको भन्दा छात्राको भर्नादर कम देखिन्छ तर छात्रको भर्नादर घटबढ भएपनि छात्राको भर्नादर क्रमशः बढ्दै गएको देखिन्छ । जम्मा झाँगड बालबालिकाहरूको भर्नादर पनि क्रमशः बढ्दै गएको देखिन्छ जुन सकारात्मक पक्ष हो । झाँगडहरूको विद्यालय भर्नाको स्थितिलाई निम्नानुसार स्तम्भ चित्रमा पनि प्रस्तुत गर्न सकिन्छ :

चित्र २ : शै.व. २०६३-०६६ मा विद्यालयमा भर्ना भएमा झाँगड विद्यार्थीको विवरण




माथिको चार्टमा शै.व २०६३ मा जम्मा विद्यार्थी १०२० हुँदा झाँगड विद्यार्थी ९२ शै.व. २०६४ मा जम्मा १०१८ हँदा झाँगड १०५ २०६५ मा जम्मा ९०३ हुदा झाँगड ९७ र २०६६ मा जम्मा १०५५ हुँदा झाँगड १३२ रहेको तथ्यलाई देखाइएको छ । झाँगड बालबालिकाहरूको भर्नाको स्थितिलाई निम्नानुसार ग्राफमा पनि देखाउन सकिन्छ :

चित्र ३ : झाँगड बालबालिकाको भर्ना प्रवृत्ति




उपर्युक्त ग्राफमा झाँगडहरूको भर्ना प्रतिशलाई प्रस्तुत गरिएको छ । जसमा शै.व. २०६३, ०६४, ०६५ र ०६६ को भर्नादर क्रमशः ९.०२, १०.३१, १०.७१ र १२.५१ प्रतिशत देखाइएको छ । यसरी हेर्दा प्राथमिक तहमा झाँगड जातिका बालबालिकाहरूको भर्नादर क्रमशः मन्दगतिले बढ्दै गएको देखिन्छ ।

### ४.३.३ झाँगड विद्यार्थीको कक्षागत भर्ना स्थिति

यस गा.वि.स. का अध्ययन क्षेत्रमा परेका विद्यालयमा शै.व. ०६३, ०६४, ०६५ र ०६६ को कक्षा १-५ को कक्षागत झाँगड बालबालिकाहरूको भर्नादर निम्नानुसार देखाइएको छ :


तालिका ५ : झाँगड विद्यार्थीको कक्षागत (१-५) भर्ना स्थिति

| कक्षा | जम्मा विद्यार्थी सङ्ख्या | | | झाँगड विद्यार्थी सङ्ख्या | | | झाँगड विद्यार्थीको भर्ना प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ३९५ | ४१२ | ८०७ | ७३ | ५६ | १२९ | १८.४८ | १३.५९ | १५.९८ |
| २ | ४७४ | ४४६ | ९२० | ७२ | ४५ | ११७ | १५.१९ | १०.०९ | १२.७२ |
| ३ | ३२५ | ३०१ | ६२६ | ३९ | ३४ | ७३ | १२.०० | ११.२९ | ११.६६ |
| ४ | ४९५ | ३९४ | ८८९ | ४१ | २७ | ६८ | ८.२८ | ६.८५ | ७.६५ |
| ५ | ४३८ | ३१६ | ७५४ | २५ | १४ | ३९ | ५.७१ | ४.४३ | ५.१७ |


स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा जम्मा विद्यार्थी भर्ना र झाँगड विद्यार्थी भर्नाको स्थितिलाई प्रस्तुत गरिएको छ । जसमा कक्षा १ मा ८०७ विद्यार्थी भर्ना भएकोमा झाँगड विद्यार्थीको सङ्ख्या १२९( १५.९८%), कक्षा २ मा ९२० भर्ना भएकोमा झाँगड विद्यार्थी सङ्ख्या ११७(१२.७२%, कक्षा ३ मा ६२६ विद्यार्थी भर्ना भएकोमा झाँगड विद्यार्थीको सङ्ख्या ७३(११.६६%), कक्षा ४ मा ८८९ विद्यार्थी भर्ना भएकोमा झाँगड विद्यार्थीको सङ्ख्या ६८(७.६५%) र कक्षा ५ मा ७५४ विद्यार्थी भर्ना भएकोमा झाँगडको संख्या ३९(५.१७%) रहेको कुरा देखाइएको छ । झाँगड विद्यार्थीको भर्नादर कक्षा १, २, ३, ४ र ५ का क्रमशः १५.९८%, १२.७२%, ११.६६%, ७.६५% र ५.१७% रहेको छ । यसरी हेर्दा कक्षा बढ्दैजाँदा झाँगड विद्यार्थीको भर्नादर घट्दै गएको देखिन्छ । यसरी कक्षा बढ्दै जाँदा भर्नादर घट्दै जानुको मुख्य कारण आर्थिक कमजोरी रहेको छ । कम उमेर हुँदा ज्यालामजदुरी  र घरको काम गर्न नसक्ने हुँदा विद्यालय पठाउने गरिएको र उमेर बढ्दै गएपछि ज्याला मजदुरी र घरको काम गर्नुपर्ने बाध्यताले विद्यालय भर्ना नहुने कारणले कक्षा बढ्दै जाँदा भर्नादर घट्दै गएको तथ्य छलफलबाट प्राप्त भयो । कक्षागत भर्ना स्थिति र भर्ना प्रतिशतलाई निम्नानुसार स्तम्भ चित्र र चार्टमा पनि प्रस्तुत गरिएको छ ।

चित्र ४ : झाँगड विद्यार्थीको कक्षागत भर्ना स्थिति




चित्र ५ : झाँगड बालबालिकाको कक्षागत भर्ना प्रवृत्ति




माथिको स्तम्भ चित्रमा कक्षा १ मा जम्मा विद्यार्थी ८०७ हुँदा झाँगड १२९, कक्षा २ मा ९२० हुँदा ११७, कक्षा ३ मा ६२६ हुँदा ७३, कक्षा ४ मा ८८९ हुँदा ६८ र कक्षा ५ मा ७५४ हुँदा ३९ रहेको तथ्य देखाइएको छ । भने ग्राफमा झाँगड बालबालिकाको भर्ना प्रतिशतलाई प्रस्तुत गरिएको छ । ग्राफमा कक्षा बढ्दै जाँदा झाँगड बालबालिकाको भर्ना प्रतिशत घट्दै गएको तथ्यलाई प्रस्तुत गरिएको छ ।

### ४.३.४ ५-१५ वर्षसम्मका विद्यालय गएका र नगएका झाँगड बालबालिकाहरूको विवरण

यस गा.वि.स. मा विद्यालय उमेर (५-१५ वर्ष) का झाँगड बालबालिकाहरूमध्ये विद्यालय गएका र नगएका बालबालिकाको विवरणलाई निम्नानुसार देखाइएको छ :


तालिका ६ : विद्यालय जाने र नजाने झाँगड बालबालिकाको विवरण

| जम्मा बालबालिका | | | विद्यालय जाने बालबालिका | | | विद्यालय नजाने बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ८१ | ७४ | १५५ | ६० | ४९ | १०९ | २१ | २५ | ४६ |
| ५२.२६% | ४७.७४% | १००% | ३८.७१% | ३१.६१% | ७०.३३% | १३.५५% | १६.१२% | २९.६७% |

स्रोत : गा.वि.स. विवरण २०६५

माथिको तालिकामा झाँगड बालबालिकाहरूको विद्यालय गएको र नगएकाको स्थितिलाई प्रस्तुत गरिएको छ । जसमा १५५ जना बालबालिकाहरूमध्ये १०९ जना (७०.३३%) विद्यालय गएका देखिन्छ भने ४६ जना (२९.६७%) विद्यालय जानबाट वञ्चित रहेको देखिन्छ । उक्त तालिकामा विद्यालय जाने बालबालिकाहरूमा छात्र तर्फ ३८.७१% र छात्रा तर्फ ३१.६१% रहको छ भने विद्यालय नजाने बालबालिकाहरूमा छात्रतर्फ १३.५५% र छात्रातर्फ १६.१२% रहेको छ । छात्रको तुलनामा छात्राको विद्यालय सहभागिताको स्थिति २.५७ प्रतिशतले न्यून देखिन्छ । यसरी हेर्दा उक्त तथ्यले सबैको लागि शिक्षा भन्ने नारालाई चुनौती दिएको छ । विद्यालय स्वागत कार्यक्रमलाई अवरोध गरेको छ । पिछडिएको वर्गलाई शिक्षाको मूलधारमा समाहित गर्ने राष्ट्रिय शिक्षा आयोगको उद्देश्यलाई चुनौती दिएको छ । उक्त तालिकालाई वृत्त चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र ६ : विद्यालय जाने र नजाने झाँगड बालबालिकाहरूको स्थिति




यसरी माथीको तथ्यलाई हेर्दा झाँगड जातिका बालबालिकाहरूको प्राथमिक तहमा सहभागिता न्यून देखिन्छ । यसको मुख्य कारण गरिबी, अशिक्षा, भेदभावपूर्ण नीति र प्रोत्साहनको अभाव आदि रहेको कुरा छलफलबाट प्राप्त भयो । राज्यले प्रणाली सिद्धान्त अनुसार आफ्ना सबै अङ्ग (जाति)हरूलाई समान अवसर र महत्व दिई समान ढङ्गबाट अगाडि बढाउनु पर्दछ तर राज्यको भेदभावपूर्ण नीति, विशेष कार्यक्रमको अभाव, समस्याको सूक्ष्म ढङ्गबाट अध्ययन भई समाधान हुन नसक्नु, शिक्षामा समान अवसर नहुनु, साधनको बाडफाँड उपयूक्त ढङ्गबाट हुन

नसक्नु, प्रोत्साहनमा कमी हुनु आदि जस्ता कुराले गर्दा झाँगड जाति र यिनका बालबालिकाहरू शैक्षिक प्रणालीको मूलप्रवाहमा आउन सकेको देखिदैन जसले गर्दा यी जातिका बालबालिकाहरूको विद्यालय सहभागिता न्यूनरहेको छ अर्थात  राज्यले प्रणाली सिद्धान्त अनुसार यस जातिलाई समान ढङ्गबाट अगाडि बढाउन नसक्दा शैक्षिक रूपमा पछि परेको देखिन्छ ।

## ४.४ झाँगड बालबालिकाहरूको शैक्षिक उपलब्धी

यस अन्तर्गत झाँगड बालबालिकाहरूको शै.व. २०६३-०६५ को कक्षा उत्तीर्ण अवस्था, कक्षागत कक्षा उत्तीर्ण अवस्था, शै.व. को बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने स्थिति तथा सिकाइ उपलब्धिलाई प्रस्तुत गरिएको छ ।

### ४.४.१ परीक्षामा उत्तीर्ण अवस्था

अध्ययन क्षेत्र भित्र बसोबास गर्ने झाँगड जातिका बालबालिकाहरूको वार्षिक परीक्षामा उत्तीर्ण हुने स्थितिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका ७ : शै.व. २०६३-०६५ को झाँगड बालबालिकाको कक्षा उत्तीर्ण अवस्था

| शै.व. | जम्मा परीक्षार्थी | उत्तीर्ण परीक्षार्थी | प्रतिशत | झाँगड परीक्षार्थी | उत्तीर्ण परीक्षार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६३ | ८६१ | ७७२ | ८९.६६ | ७४ | ६३ | ८५.१३ |
| २०६४ | ८४३ | ६९३ | ८२.२१ | ८५ | ५६ | ६५.८८ |
| २०६५ | ७२८ | ६२६ | ८६.४० | ८० | ६० | ७५.०० |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा शै.व. २०६३, ०६४ र ०६५ को कक्षा १ देखि ५ सम्मको वार्षिक परीक्षामा उत्तीर्ण अवस्थालाई देखाइएको छ । उक्त तथ्यलाई हेर्दा झाँगडहरूको उत्तीर्ण प्रतिशत अन्य बालबालिकाको भन्दा कम रहेको देखिन्छ । तर सबै विद्यार्थी र झाँगड विद्यार्थीको उत्तीर्ण प्रतिशत उच्च रहेको छ । यसको मूख्य कारण उदार कक्षोन्नति र ५ विषयसम्म अनुत्तीर्ण भएकालाई अङ्क थपि उत्तीर्ण गराउने निती रहेको कुरा छलफलबाट प्राप्त भयो । माथिका तथ्यलाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र ७ : शै.व. २०६३-०६५ को झँगड विद्यार्थीहरूको कक्षा उत्तीर्ण अवस्था




उपर्युक्त स्तम्भ चित्रमा शै.व. २०६३ मा जम्मा ८९.६६% उत्तीण हुँदा ८५.१३% झाँगड उत्तीर्ण भएका, २०६५ मा ८२.२१% हुदा ६५.८८% भएको र २०६५ मा ८६.४०% उत्तीर्ण भएकामा ७५% झाँगड बालबालिका उत्तीर्ण भएका कुरालाई देखाइएको छ । यसरी हेर्दा झाँगडहरूको उत्तीर्ण प्रतिशत उच्च रहे पनि अन्यको तुलनामा कम देखिन्छ ।


तालिका ८ : कक्षागत रूपमा झाँगड बालबालिकाको कक्षा उर्त्तीण अवस्था

| कक्षा | जम्मा परीक्षार्थी | उत्तीर्ण परीक्षार्थी | प्रतिशत | झाँगड परीक्षार्थी | उत्तीर्ण परीक्षार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ४४६ | ४०९ | ९१.७० | ९२ | ७१ | ७७.१७ |
| २ | ४९० | ४४४ | ९०.६१ | ८५ | ७१ | ८३.५३ |
| ३ | ४९७ | ४४७ | ८९.९४ | ५४ | ४४ | ८१.४८ |
| ४ | ५९० | ५३४ | ९०.५० | ४५ | ३७ | ८२.२२ |
| ५ | ४३० | ३८० | ८८.३७ | १८ | १५ | ८३.३३ |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा कक्षागत रूपमा जम्मा परीक्षार्थी र झाँगड परीक्षार्थीको उत्तीर्ण अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त तालिकामा जम्मा परीक्षार्थीको उत्तीर्ण प्रतिशत भन्दा झाँगड परीक्षार्थीको उत्तीर्ण प्रतिशत सबै कक्षामा कम रहेको छ भने झाँगडहरूको उत्तीर्ण प्रतिशत कक्षा बढ्दै जाँदा बढ्दै गएको देखिन्छ । माथिको तालिकालाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

चित्र ८ : झाँगड विद्यार्थीको कक्षागत कक्षा उत्तीर्ण अवस्था




## ४.४.२ झाँगड बालबालिकाहरूको शै.व. को बीचैमा कक्षा छोड्ने स्थिति

अध्ययन क्षेत्र अन्तगर्त छनोटमा परेका विद्यालयहरूको शै.व. २०६३-०६५ को झाँगड विद्यार्थीको बीचैमा कक्षा छाड्ने स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका ९ : शै.व. को बीचैमा कक्षा छाड्ने झाँगड बालबालिकाको स्थिति

| शै.व | जम्मा विद्यार्थी | कक्षा छाड्ने विद्यार्थी | प्रतिशत | जम्मा झाँगड विद्यार्थी | कक्षा छाड्ने झाँगड विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०६३ | १०२० | १५९ | १५.५९ | ९५ | १८ | १८.९५ |
| ०६४ | १०१८ | १७५ | १७.१९ | १०५ | २० | १९.०५ |
| ०६५ | ९०३ | १७५ | १९.३८ | ९७ | १७ | १७.५३ |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा जम्मा तथा झाँगड विद्यार्थीको बीचैमा कक्षा छोड्ने दरलाई देखाइएको छ । तालिकाअनुसार जम्मा विद्यार्थीमा शै.व. २०६३, ०६४ र ०६५ मा क्रमशः १५.५९, १७.१९ र १९.३८ प्रतिशतले विद्यालय छोड्ने गरेको देखिन्छ भने झाँगड विद्यार्थीहरूको कक्षा छोड्ने दर क्रमशः १८.९५, १९.०५ र १७.५३ प्रतिशत रहेको देखाइएको छ । यसरी हेर्दा शै.व. २०६३ र ०६४ मा कूल विद्यार्थीको तुलनामा झाँगड विद्यार्थीको कक्षा छोड्ने दर बढी छ भने शै.व. ०६५ मा यो दर कुल विद्यार्थीको तुलनामा कम छ । उक्त तथ्यलाई हेर्दा धेरै झाँगड विद्यार्थीले बीचैमा कक्षा छोड्ने गरेको देखिन्छ । माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र ९ : शै.व. को बीचैमा कक्षा छाड्ने झाँगड विद्यार्थीको स्थिति





तालिका १० : कक्षागत रूपमा शै.व. को बीचैमा कक्षा छाड्ने झाँगड विद्यार्थीको विवरण

| कक्षा | जम्मा विद्यार्थी | कक्षा छाड्ने विद्यार्थी | प्रतिशत | झाँगड विद्याथी | कक्षा छाड्ने झाँगड विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ५७३ | १२७ | २२.१६ | ९२ | २० | २१.७४ |
| २ | ६८५ | ९५ | १३.८७ | ८५ | १४ | १६.४७ |
| ३ | ५६९ | ७२ | १२.६५ | ५४ | १० | १८.५२ |
| ४ | ६४६ | ५६ | ८.६७ | ४५ | ९ | २०.० |
| ५ | ४६८ | ३८ | ८.१२ | १८ | २ | ११.११ |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा जम्मा विद्यार्थी र झाँगड विद्यार्थीको कक्षा छोड्ने स्थितिलाई कक्षागत रूपमा देखाइएको छ । जसमा कक्षा १ मा जम्मा विद्यार्थीको कक्षा छोड्ने दर २२.१६ प्रतिशत हुँदा झाँगड बालबालिकाको कक्षा छोड्ने दर २१.७४ प्रतिशत, कक्षा २ मा १३.८७ प्रतिशत हुँदा १६.४७ प्रतिशत, कक्षा ३ मा १२.६५ प्रतिशत हुदा १८.५२ प्रतिशत, कक्षा ४ मा ८.६७ प्रतिशत हँदा २०.० प्रतिशत र कक्षा ५ मा ८.१२ प्रतिशत हुँदा ११.११ प्रतिशत रहेको देखाइएको छ । जम्मा विद्यार्थीको कक्षा छोड्नेदर कक्षा बढ्दै जाँदा घट्दै गएको छ भने झाँगड विद्यार्थीको कक्षा छोड्ने दर घटबढ भएको देखिन्छ झाँगड विद्यार्थीको कक्षा छोड्नेदर उच्च रहेको छ । उक्त तालिकालाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

चित्र १० : कक्षागत रूपमा झाँगड विद्यार्थीको शै.व. को बीचैमा कक्षा छाड्ने दर




### ४.४.३ कक्षा दोहोऱ्याउने झाँगड विद्यार्थीहरुको विवरण

कक्षा दोहोऱ्याउने जम्मा तथा झाँगड विद्यार्थीहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका ११ : शै.व. २०६३-०६५ को कक्षादोहोऱ्याउने झाँगड विद्यार्थीको विवरण

| कक्षा | जम्मा विद्यार्थी | कक्षा दोहोऱ्याउने विद्यार्थी | प्रतिशत | झाँगड विद्याथी | कक्षा दोहोऱ्याउने झाँगड विद्यार्थी | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०६३ | ८६१ | ८९ | १०.३४ | ७४ | ११ | १४.८६% |
| २०६४ | ८४३ | १५० | १७.७९ | ८५ | २९ | ३४.१२% |
| २०६५ | ७२८ | ९९ | १३.६० | ८० | २० | २५.००% |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा कक्षा दोहोऱ्याउने विद्यार्थीको अवस्थालाई प्रस्तुत गरिएको छ । जसमा जम्मा विद्यार्थीको कक्षा दोहोऱ्याउने प्रतिशत शै.व. २०६३, ०६४ र ०६५ मा क्रमशः १०.३४, १७.७९ र १३.६० प्रतिशत रहेको छ भने झाँगड विद्यार्थीको यो दर क्रमशः १४.८६, ३४.१२ र २५.०० प्रतिशत रहेको छ । उक्त तथ्यलाई हेर्दा अन्य विद्यार्थीको तुलनामा झाँगड विद्यार्थीको कक्षा दोहोऱ्याउने प्रवृत्तिबढी देखिन्छ । उक्त तथ्यलाई निम्नानुसार स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ :

चित्र ११ : शै.व. ०६३-०६५ को झाँगड विद्यार्थीको कक्षा दोहोऱ्याउने स्थिति




### ४.४.४ झाँगड विद्यार्थीको सिकाइ उपलब्धि

अध्ययन क्षेत्रअन्तर्गत छनोटमा परेका विद्यालयहरूमा अध्ययनरत झाँगड विद्यार्थीहरूको कक्षा १-५ सम्मको नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक विषयको शैक्षिक वर्ष २०६३, ०६४ र ०६५ सालको सिकाइ उपलब्धिलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका १२ : झाँगड विद्यार्थीको औसत सिकाइ उपलब्धि

| शै.व. | नेपाली | अङग्रेजी | गणित | विज्ञान | सामाजिक |
|---|---|---|---|---|---|
| २०६३ | ३९ | ४१ | ३४ | ३४ | ३२ |
| २०६४ | ३७ | ३६ | ३३ | ३५ | ३६ |
| २०६५ | ४१ | ४५ | ३५ | २९ | ३० |
| औसत | ३९ | ४१ | ३४ | ३३ | ३३ |

स्रोत : विद्यालय अभिलेख, २०६६

माथिको तालिकामा शै.व. २०६३, ०६४ र ०६५ सालको कक्ष १-५ सम्मको विभिन्न विषयको झाँगड विद्यार्थीको सिकाइ उपलब्धिलाई देखाइएको छ । तालिकामा हेर्दा सबभन्दा बढी प्राप्ताङ्क अङ्ग्रेजीमा ४१, त्यसपछि नेपालीमा ३९, गणितमा २४ र विज्ञान तथा सामाजिकमा क्रमशः ३३/३३ रहेको छ । विषयगत रूपमा विभिन्न वर्षको प्राप्ताङ्कलाई हेर्दा अधिकतम ४५ र न्यूनतम २९ सम्म रहेको देखिन्छ । कतिपय विषयहरूको औसत प्राप्ताङ्क राष्ट्रिय उत्तीर्ण प्राप्ताङ्क

३२ भन्दा कम देखिन्छ भने कतिपय विषयमा यो अङ्क बढी देखिन्छ । तुलनात्मक रूपमा भाषागत विषयमा बढी अङ्क प्राप्त भएको देखिन्छ । यसबाट झाँगड बालबालिकामा भाषागत समस्या नरहेको देखिन्छ भने गणित, विज्ञान र सामाजिक विषयमा औसत प्राप्ताङ्क कम देखिन्छ । यसरी हेर्दा झाँगड विद्यार्थीहरूलाई भाषागत विषयभन्दा अन्य विषयहरू गाह्रो लाग्ने र कम प्राप्ताङ्क प्राप्त गरेको देखिन्छ । झाँगड विद्यार्थीको सिकाइ उपलब्धि विश्लेषण गर्दा उनीहरूको सिर्का उपलब्धि निकै कमजोर रहेको देखिन्छ ।

यसरी हेर्दा झाँगडजातिका बालबालिकाहरूको शैक्षिक उपलब्धि कम हुनुमा गरिबी, चेतनाको अभाव र आवश्यकताको छनौट मुख्य कारण भएको कुरा शिक्षक र अभिभावकसँगको छलफलबाट प्राप्त भयो मास्लो (सन् १९४३) अनुसार मानिसका आधारभूत आवश्यकता ( गाँस, बास, कपास)को पूरा नभई अन्य आवश्यकता पूरा गर्नेतर्फ अग्रसर हुदैनन् । आधारभूत आवश्यकताको सन्तुष्टि पछि मात्र अन्य आवश्यकता पूरागर्ने तर्फ मानिस लाग्दछ । झाँगड समुदाय अत्यन्त गरिब र पिछडिएको जाति भएकाले उनीहरूले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न सकेका छैनन् । गाँस, बास र कपासको व्यवस्थाको लागि झाँगड अभिभावकका साथै बालबालिकाहरू खेति, घरायसी काम र ज्याला मजदुरीमा लागेको देखिन्छ । गाँस, बास, कपासको आवश्यकता पूरा नभए सम्म यिनीहरूलाई शिक्षा प्रति आकर्षित गर्न सकिदैन । उनीहरूको पहिलो आवश्यकता गाँस, बास, कपासको व्यवस्था हो र त्यसपछि मात्र शिक्षा । यसरी झाँगड जातिका बालबालिकाले पहिलो प्राथमिकतामा गाँस, बास, कपासलाई राख्ने र शिक्षालाई दोस्रो प्राथमिकतामा राख्ने गरेकाले शैक्षिक उपलब्धि र शैक्षिक सहभागिता कम भएको देखिन्छ ।

## ४.५ झाँगड बालबालिकाका शैक्षिक समस्याहरू

अध्ययन क्षेत्रका झाँगड जातिका बालबालिकाहरूको शैक्षिक समस्या र समाधानका उपायहरू पहिचान गर्न छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, झाँगड विद्यार्थी तथा अध्ययन क्षेत्रका झाँगड अभिभावकहरूलाई प्रश्नावली फारमको प्रयोग गरी उनीहरूको राय सङ्कलन गरिएको थियो साथै उनीहरूसँग झाँगड विद्यार्थीहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू र ती समस्याहरू समाधान गर्ने उपायहरूबारे छलफल तथा अन्तरक्रिया पनि गरिएको थियो । सम्बन्धित पक्षहरूसँग लिएको रायको नतिजा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.५.१ झाँगड अभिभावकहरूको साक्षरताको स्थिति

झाँगड बालबालिकाहरूको शैक्षिक समस्या पत्ता लगाउने क्रममा झाँगड अभिभावकहरूको साक्षरता स्थितिलाई हेर्नुपर्ने देखिन्छ । झाँगड बालबालिकाहरूको शिक्षामा प्रभावपार्ने प्रमुख तत्व झाँगड अभिभावकको साक्षरताको स्थिति महत्वपूर्ण हुने भएकाले यस विषयमा अभिभावक र विद्यार्थीसँग सोधिएका प्रश्नावलीअनुसारको नतिजा निम्न तालिकामा प्रस्तुत गरिएको छ । प्रश्नावली अनुसूचीमा २ र ३ मा राखिएको छ ।


तालिका १३ : झाँगड अभिभावकहरूको शैक्षिक स्थिति

| क.सं. | शैक्षिक अवस्था | अभिभावकको मत | विद्यार्थीको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साक्षर | ७ | ६ | १३ | ३६.११ |
| २ | निरक्षर | १३ | १० | २३ | ६३.८९ |
| | जम्मा | २० | १६ | ३६ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड अभिभावकहरूको शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ । जसमा ३६.११ प्रतिशत झाँगड अभिभावकहरू साक्षर र ६३.८९ प्रतिशत निरक्षर रहेको पाइयो । झाँगड जातिको राष्ट्रिय साक्षरता प्रतिशत २५.९१ रहेको परिप्रेक्ष्यमा अध्ययन क्षेत्रको साक्षराता ३६.११ प्रतिशत हुनु राम्रै मान्न सकिन्छ तर ६३.८९ प्रतिशत अभिावक निरक्षर हुनु साह्रै दयनीय अवस्था हो । झाँगड जातिका अभिभावकहरू यति धेरै निरक्षर हुनुका कारणहरूमा गरिबी, राज्यको भेदभावपूर्ण नीति, विशेष सुविधाको अभाव आदि रहेको पाइयो । प्राणाली सिद्धान्त अनुसार प्रणालीका सबै अङ्गहरूलाई समान ढङ्गबाट नहेरिदाँ वा भेदभाव गर्दा उपप्रणाली कमजोर हुने गर्दछ । राज्यले समान ढङ्गबाट नहेर्दा र भेदभावपूर्ण नीतिका कारण झाँगड जाति शिक्षामा कमजोर भएको देखिन्छ । माथिको तालिकालाई वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र १२ : झाँगड अभिभावकहरूको साक्षरताको स्थिति




६३.८९% अभिभावक निरक्षर हुनु झाँगड जातिका बालबालिकाहरूको मूख्य शैक्षिक समस्या हो । जसले शैक्षिक सहभागिता र उपलब्धिलाई प्रभाव पार्दछ । निरक्षरताले अज्ञानता ल्याउँदछ । अज्ञानताले शैक्षिक दृष्टिकोणमा नकारात्मक असर गर्दछ । यही नकारात्मक दृष्टिकोणले गर्दा झाँगड अभिभावक आफ्ना बालबालिकालाई विद्यालय पठाउनुको सट्टा काममा पठाउने गर्दछन् ।

## ४.५.२ झाँगड अभिभावकहरूको पेसा

बालबालिकाहरूको शैक्षिक स्थितिमा प्रभाव पार्ने प्रमुख कारणमा अभिभावकहरूको पेसा पनि पर्दछ । त्यसैले झाँगड अभिभावकहरूको पेसा के छ भनी विश्लेषण गर्न आवश्यक हुन्छ । झाँगड अभिभावकहरूको पेसासम्बन्धी झाँगड अभिभावक र बालबालिकासँग गरिएको प्रश्नावलीमार्फत प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ । प्रश्नावली अनुसूची २ र ३ मा राखिएको छ ।

तालिका १४ : झाँगड अभिभावकहरूको पेसागत विवरण


| क्र.सं. | पेसाको प्रकार | अभिभावकको मत | बालबालिकाको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | ११ | ९ | २० | ५५.५६ |
| २ | ज्यालामजदुरी | ७ | ६ | १३ | ३६.११ |
| ३ | नोकरी | १ | १ | २ | ५.५५ |
| ४ | व्यापार | १ | | १ | २.७८ |
| | जम्मा | २० | १६ | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथीको तालिकामा झाँगड अभिभावकहरूको पेसागत विवरणलाई उल्लेख गरिएको छ । जसमा कृषि पेसामा ५५.५६%, ज्यालामजदुरीमा ३६.११%, नोकरीमा ५.५५% र व्यापारमा २.७८%अभिभावक रहेको देखिन्छ । तालिकालाई हेर्दा झाँगड अभिभावकहरूको मुख्य पेसा कृषि तथा ज्यालामजदूरी रहेको देखिन्छ भने केही अभिभावकले नोकरी र व्यापारलाई आफ्नो पेसा बनाएको देखिन्छ । कृषि र ज्यालामजदुरी बाहेक अन्य पेसा हुने अभिभावकले शिक्षाको महत्व बढी बुझेको पाइन्छ भने कृषि र ज्यालामजदूरी गर्ने अभिभावकले शिक्षाको महत्व कम बुझेकाले आफ्ना

बालबालिकालाई कृषि, ज्यालामजदुरी र घरायसी काममा लगाएको पाइयो । यसबाट उनीहरूका बालबालिकाहरूमा बीचैमा कक्षा छाड्ने , परीक्षामा अनुत्तीर्ण हुने, नियमित रूपमा विद्यालय नजाने , कक्षा दोहाऱ्याउने, सिकाइ उपलब्धि कम हुने र गृहकार्य नगर्ने जस्ता समस्याहरू आउने गर्दछ । माथिको तालिकालाई वृतचित्रमा निम्न अनुसार प्रस्तुत गरिएको छ :

चित्र १३ : झाँगड अभिभावकहरूको पेसागत विवरण




### ४.५.३ विद्यालयको सुलभता

बालबालिकाहरूको शिक्षामा सहभागिताका लागि प्रभाव पार्ने अर्को महत्वपूर्ण तत्व विद्यालयको सुलभता पनि हो । विद्यालय टाढा भएको समस्यालाई कतिपय अध्ययन अनुसन्धानले समस्याको रूपमा लिएको देखिन्छ । यस अध्ययन अनुसन्धानको क्रममा विद्यालय आउन झाँगड बालबालिकाहरूलाई कति समय लाग्छ भनि अभिभावक, शिक्षक र विद्यार्थीलाई प्रश्न गर्दा निम्न विवरण प्राप्त भयो : प्रश्नावली अनुसूची २,३ र ४ मा राखिएको छ :


तालिका १५ : झाँगड विद्यार्थीलाई विद्यालय पुग्न लाग्ने समयको विवरण

| क्र.स. | विद्यालय पुग्न लाग्ने समय | विद्यार्थीको मत | शिक्षकको मत | अभिभावकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १० मिनेट सम्म | १० | ८ | १२ | ३० | ६२.५०% |
| २ | १५ मिनेट सम्म | ४ | ३ | ६ | १३ | २७.०८% |
| ३ | २० मिनेट सम्म | २ | १ | १ | ४ | ८.३४% |
| ४ | २५ मिनेट सम्म | - | - | १ | १ | २.०८% |
|  | जम्मा | १६ | १२ | २० | ४८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड विद्यार्थीहरूलाई विद्यालयसम्म पुग्न लाग्ने समय ६५.५०% लाई १० मिनेटसम्म ,२७.०८% लाई १५ मिनेटसम्म, ८.३४% लाई २० मिनेटसम्म र २.०८%लाई २५ मिनेटसम्म लाग्ने गरेको देखिन्छ । २५ मिनेटसम्म लाग्ने २.०८% छ भने सोभन्दा कम लाग्ने ९७.९२% रहेको देखिन्छ। भट्टराई (२०६४) को अध्ययनले विद्यालय टाढा हुनुलाई विद्यार्थीको शैक्षिक समस्याको रूपमा प्रस्तुत गरे पनि यस अध्ययन क्षेत्रमा यस्तो समस्या रहेको देखिदैन । उक्त तालिकालाई निम्ननुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

चित्र १४ : झाँगड विद्यार्थीलाई विद्यालय पुग्न लाग्ने समय




## ४.५.४ शिक्षकले झा“गड विद्यार्थी माथि गर्ने व्यवहार

विद्यालयमा शिक्षक शिक्षिकाले विद्यार्थी माथि गर्ने व्यवहारलाई पनि शैक्षिक समस्याको रूपमा लिने गरिन्छ । यस अध्ययनका लागि शिक्षकले झाँगड विद्यार्थी माथि गर्ने व्यवहारका सम्बन्धमा गरिएको प्रश्नावलीबाट आएको नतिजालाई निम्ननुसार तालिकामा प्रस्तुत गरिएको छ : प्रश्नावली अनुसूची २ र ३ मा राखिएको छ।


तालिका १६ : विद्यालयमा शिक्षकले झाँगड विद्यार्थीमाथि गर्ने व्यवहार

| क्र.स | शिक्षकले गर्ने व्यवहार | अभिभावकको मत | विद्यार्थीको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | समानव्यवहार गर्नुहुन्छ | १३ | १० | २३ | ६३.८९ |
| २ | असमानव्यवहार गर्नुहुन्छ | ७ | ६ | १३ | ३६.११ |
| | जम्मा | २० | १६ | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड विद्यार्थीमाथि शिक्षकले गर्ने व्यवहारलाई प्रस्तुत गरिएको छ । शिक्षकले अरू विद्यार्थी समान व्यवहार गर्नुहुन्छ भन्नेमा ६३.८९% र गर्नुहुन्न वा असमान व्यवहार गर्नुहुन्छ भन्नेमा ३६.११% मत रहेको छ । उक्त तथ्यलाई हेर्दा झाँगड विद्यार्थी र अन्य विद्यार्थी बिचमा शिक्षकले गर्ने व्यवहार भेदभावपूर्ण रहेको देखिन्छ । सिटौला (२०६०), ले आफ्नो अध्ययनमा विद्यालयमा शिक्षकले गर्ने असमान व्यवहारलाई शैक्षिक समस्याको रूपमा प्रस्तुत गरेको छ, जुनकुरा यस अनुसन्धानसँग मेल खान्छ । उक्त तथ्यलाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

चित्र १५ : विद्यालयमा शिक्षकले झाँगड विद्यार्थीसँग गर्ने व्यवहार




### ४.५.५ भाषिक समस्या

यस अध्ययनको सिलसिलामा अध्ययन क्षेत्रका अभिभावक, शिक्षक तथा विद्यार्थीसँग छलफल तथा अन्तरक्रिया गर्दा झाँगड विद्यार्थीमा भाषिक समस्या नरहेको पाइयो । साथै सिकाइ अपलब्धिलाई हेर्दा अन्य विषयमा भन्दा भाषिक विषयमा औसत अङ्क बढी देखिएकाले भाषिक समस्या प्रमुख शैक्षिक समस्याका रूपमा नरहेको देखिन्छ । अध्ययन क्षेत्रका झाँगड विद्यार्थीहरू नेपाली भाषा राम्रोसँग लेख्न तथा पढ्न सक्दछन् । उप्रेती (२०६३) को अध्ययनमा भाषिक समस्यालाई प्रमुख समस्याका रूपमा उल्लेख गरिए पनि यस अध्ययन क्षेत्रमा यस्तो समस्या रहेको पाइदैन ।

### ४.५.६ झा“गड विद्यार्थीको विद्यालय नियमितता

यस अध्ययनको सिलसिलामा प्र.अ. तथा शिक्षकसगँ झाँगड विद्यार्थीको विद्यालय नियमितता सम्बन्धी गरिएको प्रश्नमा निम्नअनुसारको नतिजा प्राप्त भयो । प्रश्नावली अनुसूची ४ मा राखिएको छ ।


**तालिका १७ : झाँगड विद्यार्थीको विद्यालय नियमितता**

| क्र.स | विवरण | शिक्षकको मत | प्रतिशत |
|---|---|---|---|
| १ | नियमित आउँछन् | ३ | २५ |
| २ | नियमित आउँदैनन् | ९० | ७५ |
| | जम्मा | १२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड विद्यार्थीको विद्यालय नियमितता सम्बन्धि शिक्षकको रायलाई देखाइएको छ । जसमा २५% शिक्षकले नियमित रूपमा आउने बताएका छन् भने ७५%शिक्षकले झाँगड विद्यार्थी नियमित रूपमा विद्यालय नआउने कुरा बताएका छन् । यसरी नियमित विद्यालय नआउनाका कारणहरू छलफल गर्दा आर्थिक विपन्नताका कारण, घरायसी काम, खेतीको काम तथा ज्याला मजदुरीमा लाग्ने र भ्याएकोबेलामा विद्यालय आउने गरेको पाइयो । मास्लो (सन् १९४३) ले भनेअनुसार मानिसको पहिलो आवश्कता गाँस, बास, कपासको आवश्यकता हो जुन पूरा गर्न मानिस पहिले प्रयास गर्दछ । उक्त आवश्यकता पूरा नभएसम्म अन्य आवश्यकता पूरा गर्न मानिस लाग्दैन । यसरी झाँगड जातिको पहिलो आवश्यकता गाँस, बास, कपास हो ,सो आवश्यकता पूरा नभएकाले उनीहरू त्यो आवश्यकतालाई पहिलो प्राथमिकता दिन्छन् र त्यसपछि मात्र शिक्षातर्फ लाग्दछन् । त्यसकारण मास्लोको आवश्यकता सिद्धान्त झाँगड जातिको आवश्यकताको छनोटसँग मिल्न जान्छ । गाँस , बास, कपासको आवश्यकतालाई पहिलो स्थानमा र शिक्षालाई दोस्रो स्थानमा राखेको कारण उनीहरू नियमित विद्यालय आउँदैनन् ।

चित्र १६ : झाँगड विद्यार्थीको विद्यालय नियमितता



### ४.५.७ झाँगड बालबालिकाहरूको विद्यालय समय अघि र पछिको क्रियाकलाप

बालबालिकाका लागि बिहान १० बजे देखि बेलुकी ४ बजेसम्म विद्यालय समय र बिहान बेलुकाको समय गृहकार्य गर्ने ,पढ्ने , खेल्ने समय मानिन्छ । विद्यालय समयबाहेक अन्य समय झाँगड बालबालिकाहरू घरमा के गरेर बिताउँछन् भन्ने पत्ता लगाउनका लागि बालबालिका र अभिभावकहरूसँग सोधिएका प्रश्नहरूको सारांशलाई निम्ननुसार प्रस्तुत गरिएको छ : प्रश्नावली अनुसूची २ र ३ मा राखिएको छ ।


तालिका १८ : झाँगड बालबालिकाहरुले विद्यालय समयअघि र पछि गर्ने क्रियाकलापको विवरण

| क.स | क्रियाकलापहरू | बालबालिकाको मत | अभिभावकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पढनेलेख्ने कार्य | ४ | ६ | १० | २७.७८ |
| २ | खेलखेल्ने कार्य | ३ | ४ | ७ | १९.४४ |
| ३ | घरायसी कामगर्ने | २ | ५ | ७ | १९.४४ |
| ४ | खेतको काम गर्ने | ३ | ३ | ६ | १६.६७ |
| ५ | ज्यालामजदुरी गर्ने | ४ | २ | ६ | १६.६७ |
| | जम्मा | १६ | २० | ३६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड बालबालिकाहरूको विद्यालयअघि र पछिको क्रियाकलापलाई हेर्दा ४७.२२% बालबालिका पढ्ने, लेख्ने तथा खेल खेल्ने जस्ता शैक्षिक क्रियाकलापमा लागेको देखिन्छ भने ५२.७८% बालबालिका गैर शैक्षिक क्रियाकलाप (घरायसी काम, खेतको काम, ज्यालामजदुरी) मा संलग्न रहेको देखिन्छ । बालबालिकाहरूले आफ्नो बढी समय पढ्ने, लेख्ने र खेल्ने जस्ता शैक्षिक क्रियाकलापमा खर्चिनु पर्नेमा ५२.७८% बालबालिकाहरू गैर शैक्षिक क्रियाकलापमा लागेको देखिन्छ । यसको प्रमुख कारण अधिकांश झाँगड अभिभावकहरू कृषि तथा ज्यालामजदुरी पेसामा रहेका तथा आर्थिक रूपमा पछाडि परेका कारण उनीहरूका बालबालिकाहरू पनि आर्थिक आर्जन गरी आधारभूत आवश्यकता पूरा गर्न अभिभावकको पेसामा सहयोग गर्ने गरेको देखिन्छ । यसरी हेर्दा मास्लोले भनेअनुसार झाँगड बालबालिकाहरुले आर्थिक उपार्जनलाई पहिलो आवश्यकतामा र शिक्षालाई त्यस पछिको आवश्यकतामा राखेको पाइयो । माथिको तालिकालाई वृत्त चित्रमा निम्नअनुसार देखाउन सकिन्छ :

चित्र १७ : झाँगड बालबालिकाले विद्यालय अघि र पछि गर्ने क्रियाकलाप




### ४.५.८ झाँगड बालबालिकाहरु विद्यालय नजानाका कारणहरु

विद्यालय उमेरका सबै झाँगड बालबालिकाहरू विद्यालय गएको देखिदैन । अध्ययन क्षेत्रका २९.६७ प्रतिशत झाँगड बालबालिकाहरू विद्यालयबाहिर रहको तथ्य गा.वि.स. विवरण २०६५ बाट देखिन्छ । अभिभावक तथा शिक्षकहरूसँग छलफल तथा अन्तरक्रिया गर्दा सबै झाँगड बालबालिकाहरू विद्यालय नआएको तथ्य प्राप्त भयो । यसरी सबै झाँगड बालबालिकाहरू विद्यालय नजानुका कारण खोजी गर्ने क्रममा अभिभावक तथा शिक्षकसँग प्रश्नावली तथा छलफल गर्दा आएको नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रश्नावली अनुसूची २ र ४ मा समावेश गरिएको छ ।

तालिका १९ : झाँगड बालबालिकाहरू विद्यालय नजानुका कारणहरू


| क्र.स | कारणहरू | अभिभावकको मत | शिक्षकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | गरिबी/आर्थिक कारण | ७ | ४ | ११ | ३४.३७५ |
| २ | चेतनाको अभाव | ३ | ३ | ६ | १८.७५ |
| ३ | प्रभावकारी कार्यक्रमको अभाव | २ | २ | ४ | १२.५० |
| ४ | शिक्षाप्रतिको नकारात्मक दृष्टिकोण | ३ | १ | ४ | १२.५० |
| ५ | घरायसी कारण | ३ | १ | ४ | १२.५० |
| ६ | स्वयम निष्क्रियता | २ | १ | ३ | ९.३७५ |
| | जम्मा | २० | १२ | ३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड बालबालिकाहरू विद्यालय नजानुका कारणहरू प्रस्तुत गरिएको छ । उक्त तालिकालाई हेर्दा झाँगड बालबालिका विद्यालय नजानुको मुख्य कारण गरिब र चेतनाको

अभावको रहेको देखिन्छ भने झाँगड विद्यार्थीहरूलाई विद्यालयमा आकर्षण गर्ने प्रभावकारी कार्यक्रम तथा विशेष कार्यक्रमहरूको अभाव, शिक्षाप्रति अभिभावकको नकारात्मक दृष्टिकोण, घरायसी कारणहरू र स्वयम निष्क्रियता पनि झाँगड विद्यार्थी विद्यालय नजानुका कारणहरू देखिएको छ । हाम्रो देशको राष्ट्रिय समस्या गरिबी हो । गरिबीका कारणले यो जातिले आफ्ना सबै बालबालिका विद्यालय पठाउन सकेको छैन ।गरिब समुदायलाई आज पनि शिक्षाले पूर्णरूपमा आकर्षण गर्न सकेको छैन । अधिकांश झाँगड अभिभावकहरू निरक्षर भएका कारण बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने चेतनाको अभाव छ । गरिब समुदायका बालबालिकाहरूलाई विद्यालयप्रति आकर्षण गर्ने प्रभावकारी कार्यक्रमको अभाव रहेको पाइन्छ । मास्लोले भनेअनुसार कुनै पनि कार्यप्रति आकर्षण आवश्यक हुन्छ त्यसका लागि मानिसलाई उत्प्रेरित गर्नुपर्दछ । तर उत्प्रेरित गर्ने कुनै कार्यक्रम रहेको पाइँदैन । अभिभावकहरूमा शिक्षाप्रति नकारात्मक धारणाहरू पनि प्रमुख समस्या देखिन्छ । उत्प्रेरणाको अभावमा विद्यार्थी स्वयम् सक्रिय हुन सकेको पाइँदैन । झाँगड बालबालिकाहरू शिक्षामा भन्दा घरायसी काम, सामाजिक परम्परा र अन्ध विश्वासमा रूमलिएका कारण शिक्षामा पछि परेका छन् । माथिको तालिकालाई स्तम्भ चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र १८ : झाँगड बालबालिकाहरू विद्यालय नजानाका कारणहरू



### ४.५९ झाँगड बालबालिकाहरुको शैक्षिक उपलब्धि कमहुनाका कारणहरू

झाँगड बालबालिकाहरूको शैक्षिक उपलब्धि निकै कम भएको तथ्य अगाडि नै प्रस्तुत गरिएको छ । यसरी शैक्षिक उपलब्धि कमजोर हुनुका कारणहरूबारे शिक्षक र विद्यार्थीहरूसँग प्रश्नावली, छलफल तथा अन्तरक्रिया गर्दा प्राप्त भएको तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ : प्रश्नावली अनुसूची ३ र ४ मा राखिएको छ ।

तालिका २० : झाँगड बालबालिकाहरूको शैक्षिक उपलब्धि कमजोर हुनाका कारणहरू


| क्र.सं. | कारणहरू | विद्यार्थीको मत | शिक्षकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | घरायसी कारण | ३ | ३ | ६ | २१.४३ |
| २ | अनियमितता | ३ | ४ | ७ | २५.०० |
| ३ | शैक्षिक सामग्रीको अभाव | ४ | २ | ६ | २१.४३ |
| ४ | वन्दहड्ताल | ३ | १ | ४ | १४.२९ |
| ५ | प्रोत्साहनमा कमी | २ | १ | ३ | १०.७१ |
| ६ | विद्यालयको कारण | १ | १ | २ | ७.१४ |
| | जम्मा | १६ | १२ | २८ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड बालबालिकाहरूको शैक्षिक उपलब्धि कमजोर हुनुका कारणहरू प्रस्तुत गरिएको छ । उक्त तथ्यलाई विश्लेषण गर्दा शैक्षिक उपलब्धि कमजोर हुने प्रमुख कारणमा अनियमितता वा  नियमित रूपमा विद्यालय नआउनु रहेको छ । यसरी नै शैक्षिक उपलब्धि कमजोर हुनुका अन्य कारणहरूमा घरायसी वातावरण, शैक्षिक सामग्रीको अभाव, बन्दहड्ताल, प्रोत्साहनमा कमी र विद्यालयसँग सम्बन्धित कारणहरू छन् । घरमा पढ्ने लेख्ने समयमा घर तथा खेतको काम गर्नुपर्ने ज्यालामजदुरी गर्नुपर्ने, घरमा पढ्ने गृहकार्य गर्ने समय नपाउने, निरक्षर अभिभावक जस्ता घरायासी कारणले झाँगड विद्यार्थी शैक्षिक रूपमा कमजोर देखिन्छन् ।  झाँगड जातिहरू गरिब भएका कारण पर्याप्त र समयमा शैक्षिक सामग्रीको व्यवस्था गर्न नसक्ने बन्दहडतालका कारण विद्यालयमा पढाइ नहुने, त्रासको वातावरण रहने, समयमा कोर्स पूरा नहुने जस्ता समस्याले शैक्षिक

उपलब्धिलाई प्रभाव पारेको देखिन्छ । झाँगड विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम नहुनु पनि शैक्षिक उपलब्धि कमजोर हुने एउटा कारण हो । शिक्षकले नपढाउनु, योग्य तथा तालिमप्राप्त शिक्षक नहुनु सही ढङ्गबाट मूल्याङ्कन नहुन, परीक्षा प्रणाली कमजोर हुनु, ५ विषयसम्म अनुत्तिर्ण भएका विद्यार्थीलाई कक्षा चढाउनु, भौतिक तथा शैक्षिक सामग्रीको अभाव रहनु जस्ता कारणबाट पनि शैक्षिक उपलब्धि कमजोर भएको स्पष्ट हुन्छ । माथिको तालिकालाई निम्नानुसार वृत्तचित्रमा देखाइएको छ ।

चित्र १९ : झाँगड बालबालिकाहरूको शैक्षिक उपलब्धि न्यूनहुनाका कारणहरू




## ४.५.१० झाँगड बालबालिकाहरुले भोग्नुपरेका शैक्षिक समस्याहरू

झाँगड बालबालिकाहरू विभिन्न प्रकारका शैक्षिक समस्याहरू भोग्न बाध्य छन् । झाँगड बालबालिकाहरूले भोग्नु परेका शैक्षिक समस्याहरूका बारेमा विद्यार्थी, शिक्षक, अभिभावकसँग प्रश्नावली, छलफल तथा अन्तरक्रिया गरिएको थियो । उनीहरूबाट प्राप्त जवाफको नतिजालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ : प्रश्नावली अनुसूची २,३ र ४ मा राखिएको छ ।


तालिका २१ : झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू

| क्र.सं. | समस्याहरू | विद्यार्थीको मत | शिक्षकको मत | अभिभावकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक समस्या/गरिबी | ३ | ४ | ५ | १२ | २५.० |
| २ | निरक्षर अभिभाव | २ | २ | ३ | ७ | १४.५८ |
| ३ | नकारात्मक शैक्षिक दृष्टिकोण | २ | १ | १ | ४ | ८.३३ |
| ४ | शैक्षिक सामग्रीको अभाव | ३ | २ | ३ | ८ | १६.६७ |
| ५ | बीचैमा कक्षा छाड्ने | २ | | २ | ४ | ८.३३ |
| ६ | सामाजिक एवम् सांस्कृतिक समस्या | १ | २ | ३ | ६ | १२.५० |
| ७ | घरायसी वातावरण | १ | १ | २ | ४ | ८.३३ |
| ८ | असमान व्यवहार | २ | | १ | ३ | ६.२५ |
| | | १६ | १२ | २० | ४८ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिकामा झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरूलाई प्रस्तुत गरिएको छ । उक्त तालिकालाई हेर्दा आर्थिक समस्या/गरिबी झाँगड बालबालिकाहरूको प्रमुख शैक्षिक समस्याको रूपमा रहेको देखिन्छ । यसरी नै अधिकांश झाँगड अभिभावकहरू निरक्षर हुनु, झाँगड अभिभावकहरूको शिक्षाप्रति सकारात्मक दृष्टिकोण नहुनु, पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था समयमा गर्न नसक्नु, बीचैमा कक्षा छाड्नु, सामाजिक साँस्कृतिक समस्या, घरायसी वातावरण अनुकूल नहुन र विद्यालयमा शिक्षकबाट असमान व्यवहार हुनु झाँगड बालबालिकाहरूले भोग्नुपरेका जल्दाबल्दा शैक्षिक समस्याहरू हुन् । राज्य तथा सरकारले प्रणाली दृष्टिकोणअनुसार सुक्ष्म ढङ्गबाट यिनीहरूको समस्याको विश्लेषण गरी विशेष कार्यक्रम लागू गर्न नसक्नाले र एउटा अङ्गका रूपमा नहेर्नाले, भेदभावपूर्ण शैक्षिक नीति हुनु जस्ता कारणले यस जातिका विद्यार्थीहरूले यस्ता विभिन्न खाले समस्याहरू भोग्नुपरेको देखिन्छ । माथिको तालिकालाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ :

चित्र २० : झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू




### ४.५.११ झाँगड बालबालिकाहरुका शैक्षिक समस्या समाधाका उपायहरू

झाँगड बालबालिकाहरूको विभिन्न प्रकारका शैक्षिक समस्याहरू भोग्नुपरेको देखिन्छ । त्यस्ता शैक्षिक समस्याहरू समाधान गर्ने उपायहरू खोजी गर्नेक्रममा शिक्षक एवम् अभिभावकहरूसँग प्रश्नावली तथा छलफलबाट प्राप्त अभिमतलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ : प्रश्नावली अनुसूची २ र ४ मा राखिएको छ ।


तालिका २२ : झाँगड बालबालिका शैक्षिक समस्या समाधानका उपायहरू

| क्र.सं. | समस्या समाधानका उपायहरू | अभिभावकको मत | शिक्षकको मत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक अवस्थामा सुधार | ७ | ३ | १० | ३१.२५ |
| २ | जनचेतना कार्यक्रम | ४ | २ | ६ | १८.७५ |
| ३ | पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था | २ | २ | ४ | १२.५० |
| ४ | छात्रवृत्तिको व्यवस्था | २ | १ | ३ | ९.३८ |
| ५ | शिक्षामा सुनिश्चितता र रोजगारीमा आरक्षण | २ | १ | ३ | ९.३७५ |
| ६ | बालश्रमको नियन्त्रण | १ | २ | ३ | ९.३७५ |
| ७ | भेदभावको अन्त्य | १ | १ | २ | ६.२५ |
| ८ | सामाजिक, सांस्कृतिक संस्कारमा परिवर्तन | १ | - | १ | ३.१२५ |
| | जम्मा | २० | १२ | ३२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६६

माथिको तालिकामा झाँगड समुदायका बालबालिकाहरूका शैक्षिक समस्या समधानका उपायहरू प्रस्तुत गरिएको छ । झाँगड जातिका बालबालिकाको मूख्य समस्या गरिबी हटाउन अभिभावकहरूलाई रोजगारमूलक तालिम दिने, आर्थिक सहायता प्रदान गर्ने, सहुलियत दरमा ऋण उपलब्ध गराई घरेलु उद्योगहरू गर्न प्रोत्साहित गर्नुपर्ने धारणा रहेको पाइयो । अधिकांश झाँगड अभिभावकहरू निरक्षर रहेकाले शैक्षिक प्रवाहमा ल्याउन विशेष कार्यक्रमहरू (साक्षरता, जनचेतनामूलक कार्यक्रम) सञ्चालन गर्नुपर्ने, झाँगडजातिका बालबालिकाहरूलाई निःशुल्क रूपमा पर्याप्त शैक्षिक सामग्री (कपी) कलम, पोसाक आदि) को व्यवस्था सरकारी तबरबाट गर्नुपर्ने, झाँगड बालबालिकाहरूलाई पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने धारणा रहेको पाइयो । शिक्षक र राज्यबाट हुने भेदभावपूर्ण व्यवहारको अन्त्य हुनुपर्ने विशेष आर्थिक कार्यक्रमद्वारा ज्यालामजदुरीमा काम गर्नुपर्ने अवस्थाको अन्त्यगरी वालश्रम नियन्त्रण गर्नुपर्ने, झाँगड बालबालिकालाई उच्चशिक्षाको सुनिश्चितता र रोजगारीको आरक्षण गर्ने, झाँगड जातिमा विद्यमान सामाजिक सांस्कृतिक संस्कार, अन्धविश्वास र रुढीवादी परम्परामा परिवर्तन ल्याउनुपर्ने राय शिक्षक तथा अभिभावको रहेको पाइयो । माथिको तालिकालाई निम्नानुसार वृत्तचित्रमा देखाइएको छ :

चित्र २१ : झाँगड बालबालिकाका शैक्षिक समस्या समधानका उपायहरू




यसरी हेर्दा झाँगड बालबालिकाहरूको शैक्षिक समस्या समाधान गर्न प्रणाली धारणा अपनाउनुपर्ने देखिन्छ । राज्यको एउटा अङ्ग (उपप्रणाली) झाँगड जातिलाई शैक्षिक, आर्थिक सामाजिक र सांस्कृतिक रूपमा अगाडि बढाउन राज्यले भेदभावपूर्ण नीतिको अन्त्यगरी विशेष कार्यक्रम, समान अवसर र समान व्यवहारको नीति अवलम्बन गरी अगाडि बढाउनु पर्ने देखिन्छ । शैक्षिक रूपमा कमजोर भएका यस जातिका बालबालिकाहरूका शैक्षिक समस्या समाधान गरी शिक्षा प्रणालीको मूल प्रवाहमा ल्याउन वृहगत दृष्टिकोण राखी समानढङ्गबाट अगाडि बढाउनुपर्ने आवश्यकता रहेको देखिन्छ ।

उपर्युक्त विश्लेषणबाट मृगौलिया गा.वि.स. का झाँगड बालबालिकाहरूको विद्यालय भर्नाको स्थिति तुलनात्मक रूपमा कम रहेको, पछिल्ला वर्षहरूमा भर्नादर बढ्दै गए पनि कक्षा बढ्दै जाँदा भर्नादर घट्दै गएको र ७०.३३ प्रतिशत झाँगड बालबालिकाहरू मात्र विद्यालय भर्ना भएको तथ्य प्राप्त भयो । विद्यालयमा भर्ना भएका झाँगड विद्यार्थीहरू मध्ये ७५ प्रतिशत विद्यार्थी कक्षा उत्तीर्ण हुने, १७ प्रतिशत विद्यार्थीले शै.व. को बीचैमा कक्षा छाडने र २५ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याउने गरेको पाइयो । झाँगड विद्यार्थीहरूको कक्षा उत्तीर्ण प्रतिशत तुलनात्मक रूपमा कम र कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने दर बढी रहेको देखिन्छ भने सिकाइ उपलब्धि न्यून रहेको पाइयो । यसरी हेर्दा झाँगड जातिका बालबालिकाहरूको विद्यालय सहभागिता र शैक्षिक उपलब्धि कमजोर रहको देखिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

## ५.१ प्राप्ति

मोरङ जिल्लाअन्तर्गत मृगौलिया गा.वि.स. मा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये झाँगड अल्पसङ्ख्यक तथा पिछडिएका आदिवासी जनजाति हो । यस गा.वि.स. मा वसोवास गर्ने झाँगड जातिका बालबालिकाहरूको शैक्षिक स्थितिमा केन्द्रित रही गरिएको यस अध्ययनबाट निम्न तथ्यहरू प्राप्त भयो :

१) झाँगड जाति शैक्षिक रूपमा पछि परेको पाइयो । अध्ययन क्षेत्रका झाँगडहरूमध्ये ४०.६५ प्रतिशत साक्षर, ५९.३५ प्रतिशत निरक्षर र १.४६ प्रतिशतले मात्र एस.एल.सी पास गर्नुले उक्त तथ्यलाई पुष्टि गर्दछ ।

२) अध्ययन क्षेत्रका झाँगड अभिभावहरू मध्ये साक्षर ३६. ११ प्रतिशत र निरक्षर ६३.८९ प्रतिशत रहेको कुरा अध्ययनले देखाएको छ ।

३) यो जातिको आफ्नो आम्दानीको बढी भाग धार्मिक कार्यक्रम, मनोरञ्जन र जाँड रक्सीमा खर्च गर्ने र शिक्षामा कम खर्च गर्ने गरेको पाइयो ।

४) झाँगड जातिका अभिभावकहरूको मुख्य पेसा कृषि र ज्यालामजदुरी रहेको देखिन्छ । उक्त कुरा कृषि तथा ज्यालामजदुरी पेसामा ९१.६७ प्रतिशत र अन्य पेसामा ८.३३ प्रतिशत हुनुले पुष्टि गर्दछ ।

५) झाँगड जाति आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछि परेका, अन्धविश्वास र रुढीवादी परम्पराबाट ग्रसित रहेको पाइयो ।

६) पिछडिएका जनजातिलाई शैक्षिक समाहीकरणअनुसार राज्यले आत्मसात् गर्न नसक्दा झाँगडहरू शैक्षिक रूपमा पछाडि परेको देखिन्छ ।

७. राज्यको अभिन्न अङ्गको रूपमा (उपप्रणालीका रूपमा) विशेष महत्वका साथ समान अवसर र विशेष कार्यक्रमअन्तर्गत अगाडि बढाउनुपर्नेमा त्यसो गरेको देखिदैन ।

८. झाँगड जातिका अभिभावकहरूमा आफुले नपढेपनि छोराछोरीलाई पढाउनुपर्छ भन्ने भावनाको विकास भएको पाइयो जुनकुरा विद्यालय भर्ना प्रतिशत बढ्दै जानुले अझ पुष्टि गर्दछ ।

९) विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये झाँगड विद्यार्थीको सङ्ख्या ज्यादै न्यून देखिन्छ । उक्त कुरा शै.व. २०६३ मा ९.०२%, ०६४ मा १०.३१%, २०६५ मा १०.७४% र ०६६ मा १२.५१ प्रतिशत मात्र झाँगड विद्यार्थीको भर्ना देखिनुले पुष्टि गर्दछ ।

१०) झाँगड विद्यार्थीको विद्यालय भर्नादरलाई हेर्दा छात्रभन्दा छात्राको भर्नादर कम रहेको देखिन्छ ।

११) कक्षागत रूपमा भर्नाको स्थितिलाई विश्लेषण गर्दा कक्षा बढ्दै जाँदा झाँगड बालबालिकाहरूको भर्नादर घट्दै गएको देखिन्छ उक्त कुरा कक्षा १ मा १५.९८%, कक्षा २ मा १२.७२%, कक्षा ३ मा ११.६६%, कक्षा ४ मा ७.६५% र कक्षा ५ मा ५.१७% झाँगड विद्यार्थी भर्ना भएको तथ्यले स्पष्ट पार्दछ ।

१२) कक्षा बढ्दै जाँदा उमेर बढ्ने र ज्यलामजदुरी गर्नुपर्ने बाध्यताले कक्षा बढ्दै जाँदा भर्नादर घट्दै गएको तथ्य पाइयो ।

१३) विद्यालय उमेरका १५५ झाँगड बालबालिकाहरूमध्ये ७०.३२% विद्यालय गएका र २९.६७ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित रहेको पाइयो ।

१४) झाँगड विद्यार्थीको बीचैमा कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने स्थितिलाई विश्लेषण गर्दा कक्षा छोड्ने दर शै.व २०६३ मा १८.९५%, २०६४ मा १९.०५% र २०६५ मा १७.५३% तथा कक्षा दोहोऱ्याउने दर शै.व. २०६३ मा १४.८६%, २०६४ मा ३४.१२%, र २०६५ मा २५ प्रतिशत रहेको देखिन्छ ।

१५) झाँगड विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ । भाषागत विषयमाभन्दा अन्य बिषयमा सिकाइ उपलब्धिकम रहेको कुरा नेपालीमा ३९ अङ्क, अङ्ग्रेजीमा ४१ अङ्क, गणितमा ३४ अङ्क, विज्ञानमा ३३ अङ्क, र सामाजिकमा ३३ अङ्क औसत हुनुले स्पष्ट पार्दछ ।

१६) विद्यालय पुग्ने समय हेर्दा २५ मिनेटभन्दा कम लाग्ने देखिएकाले विद्यालयको दुरीका कारण झाँगड विद्यार्थी शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था देखिदैन ।

१७) ६३.८९ प्रतिशत झाँगड अभिभावक निरक्षर छन् । जसले गर्दा विद्यालयमा पढेर के हुन्छ काम गर्दा खान पाइन्छ भन्ने धारणा राखेको पाइयो ।

१८) विद्यालयमा शिक्षकहरूले झाँगड विद्यार्थी र अन्य विद्यार्थी बीच भेदभाव गर्ने गरेको पाइयो ।

१९) विद्यालयमा भर्ना भएका अधिकांश झाँगड बालबालिकाहरू नियमित रूपमा विद्यालय गएको पाईदैन यसको मुख्य कारणमा गरिबी, चेतनाको अभाव रहेको पाइयो ।

२०) झाँगड जातिका बालबालिकाहरूलाई विद्यालयमा आकर्षण गर्ने प्रभावकारी कार्यक्रमको को अभाव रहेको देखिन्छ ।

२१) झाँगड बालबालिकाहरू विद्यालय अघि र पछिको समय शैक्षिक कार्यभन्दा गैर शैक्षिक कार्य गरेर विताउने कुरा शैक्षिक कार्य गर्नेमा ४७.२२ प्रतिशत र गैर शैक्षिक कार्य गर्नेमा ५२.७८ प्रतिशत  हुनुले पुष्टि गर्दछ ।

२२) सबै झाँगड बालबालिका विद्यालय नजानुको मुख्य करणमा गरिबी (३४.३८%), चेतनाको अभाव (१८.७५%), प्रभावकारी कार्यक्रमको अभाव (१२.५०%), नकारात्मक दृष्टिकोण (१२.५०), घरायसी कारण (१२.५०%) र स्वयम निष्क्रियता (९.३८%) रहेको पाइयो ।

२३) झाँगड विद्यार्थीको शैक्षिक उपलब्धि न्यून हुनका कारणमा घरायसी कारण (२१.४५%), अनियमितता (२५%), शैक्षिक सामग्रीको अभाव (२१.४३%), बन्दहड्ताल (१४.२५%), प्रोत्साहनमा कमी (१०.७१) र विद्यालयको कारण (७.१४%) जिम्मेवार रहेको पाइयो ।

२४) झाँगड बालबालिकाको कक्षा उत्तीर्ण अवस्थालाई हेर्दा शै.व. २०६३ मा ८५.१३ प्रतिशत, २०६४ मा ६५.८८ प्रतिशत र २०६५ मा ७५ प्रतिशत उर्त्तीण भएको स्पष्ट देखिन्छ उक्त उर्त्तीण प्रतिशत जम्मा विद्यार्थीको उर्त्तीण प्रतिशतभन्दा कम छ । उर्त्तीण प्रतिशत उच्च हुनुमा उदारकक्षोन्नति नीति र ५ विषयसम्म अनुत्तीर्ण हुनेलाई कक्षा चढाउने कार्य जिम्मेवार देखिन्छ ।

२५) झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू गरिबी, निरक्षर अभिभावक, नकारात्मक शैक्षिक दृष्टिकोण, शैक्षिक सामग्रीको अभाव, बीचैमा कक्षा छाड्ने, सामजिक एवम सांस्कृतिक समस्या, घरायसी वातावरण र असमान व्यवहार रहेको पाइयो ।

२६) झाँगड बालबालिकाहरूमा भाषागत समस्या नरहेको पाइयो । उक्त कुरा भाषागत विषयमा भन्दा अन्य विषयमा सिकाइ उपलब्धि कम हुनुले पुष्टि गर्दछ ।

२७) झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्या समाधान गर्ने उपायहरूमा विशेष कार्यक्रम सञ्चालन गरी उनीहरूको आर्थिक अवस्थामा सुधार गर्नुपर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी चेतना जगाउनुपर्ने, छात्रवृत्ति तथा पर्याप्त शैक्षिक सामग्रीको

व्यवस्था गर्नुपर्ने, भेदभावपूर्ण व्यवहार र बालश्रमको अन्त्य गरिनुपर्ने, शिक्षाको सुनिश्चितता र रोजगारीमा आरक्षणका साथै सामाजिक, सांस्कृतिक संस्कारमा परिवर्तन गर्नुपर्ने देखिन्छ ।

२८) कक्षा बढ्दै जाँदा झाँगड बालबालिकाहरूको कक्षा उत्तीर्णदर बढ्दै गएको पाइयो । जुनकुरा कक्षा १ मा ७७.१७%, कक्षा २ मा ८३.५३%, कक्षा ३ मा ८१.४८%, कक्षा ४ मा ८२.२२% र कक्षा ५ मा ८३.३३% झाँगड बालबालिका उत्तीर्ण हुनुले स्पष्ट पार्दछ ।

## ५.२ निष्कर्ष

यस शोधपत्रमा झाँगड जातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता, शैक्षिक उपलब्धिको लेखाजोखा, शैक्षिक समस्याको पहिचान र समाधानका उपायहरू खोजी गर्ने उद्देश्य राखी मृगौलिया गा.वि.स. का झाँगड बालबालिकाहरूको अध्ययन गरिएको छ । यस क्षेत्रका झाँगडहरू आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछि परेको देखिन्छ । झाँगड जातिको शैक्षिक अवस्थालाई हेर्दा अध्ययन क्षेत्रका ४०.६५ प्रतिशत झाँगड साक्षर छन् भने ५९.३५ प्रतिशत झाँगड निरक्षर छन् साथै झाँगड अभिभावकहरूको साक्षरता स्थितिलाई हेर्दा ३६.११ प्रतिशत अभिभावक साक्षर र ६३.८९ प्रतिशत निरक्षर रहेको कुरा स्पष्ट हुन्छ । यसरी हेर्दा झाँगड जाति शैक्षिक रूपमा पछाडि परेको देखिन्छ ।

झाँगड बालबालिकाहरूको विद्यालय सहभागितालाई हेर्दा झाँगड बालबालिकाको भर्नादर न्यून रहेको पाइयो । तर अघिल्ला वर्षको तुलनामा पछिल्ला वर्षहरूमा भर्नादर बढ्दै गएको तथ्य प्राप्त भयो यसको मुख्य कारणमा विद्यालय भर्ना अभियान र अभिभावकहरूमा बालबालिकालाई पढाउनुपर्छ भन्ने चेतनाको विकास हो । यसरी नै कक्षागत भर्नादरलाई हेर्दा कक्षा बढ्दै जाँदा भर्नादर घट्दै गएको तथ्य स्पष्ट देखिएको छ । यसको कारणमा कक्षा बढ्दै जाँदा उमेर बढ्दै जाने र खेती तथा ज्यालामजदुरी काममा लाग्ने र विद्यालयमा भर्ना नहुने तथ्य प्राप्त भयो । अहिले पनि सबै झाँगड बालबालिकाहरू विद्यालय जान सकेका छैनन् जुन कुरा २९.६७ प्रतिशत झाँगड बालबालिका विद्यालय जानबाट वञ्चित रहेको कुराले स्पष्ट पार्दछ । यसरी हेर्दा झाँगड बालबालिकाको विद्यालय सहभागिता न्यून देखिएको छ । यसको मुख्य कारण गरिबी र चेतनाको अभाव हुनु हो ।

झाँगड बालबालिकाको शैक्षिक उपलब्धिको विशलेषण गर्दा झाँगड विद्यार्थीको कक्षा उर्त्तीण दर उच्च भए पनि तुलनात्मक रूपमा कम रहेको, बीचैमा कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने समस्या रहेको, कक्षा छोड्ने भन्दा कक्षा दोहोर्‍याउनेको दर बढिरहेको पाइएको छ । झाँगड बालबालिकाहरूको कक्षा उर्त्तीण, अनुत्तीर्ण,कक्षा छाड्ने र कक्षा दोहोर्‍याउनेको स्थितिलाई हेर्दा औसतमा ७५ प्रतिशत बालबालिका उत्तीर्ण भएको, २५ प्रतिशत अनुत्तीर्ण भएका, करिब १७%

विद्यार्थीले बीचैमा कक्षा छाड्ने गरेको र करिब २५% बालबालिकाले कक्षा दोहोऱ्याउने गरेको तथ्य पाइएको छ । झाँगड विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई हेर्दा अत्यन्त न्यून रहेको छ । नेपालीमा औसत प्राप्ताङ्क ३९, अङ्ग्रेजीमा ४१, गणितमा ३४, विज्ञानमा ३३ र सामाजिकमा ३३ अङ्क हुनुले भाषागत विषयमा भन्दा अन्य विषयमा झाँगड विद्यार्थीहरू कमजोर रहेको स्पष्ट हुन्छ । उक्त तथ्यलाई हेर्दा झाँगड बालबालिकामा भाषागत समस्या नरहेको स्पष्ट हुन्छ । यसरी हेर्दा झाँगड बालबालिकाको शैक्षिक उपलब्धि न्यून रहेको देखिन्छ यसको मुख्य कारणमा घरायसी कारण, विद्यालय नियमित नआउनु, शैक्षिक सामग्रीको अभाव, बन्दहड्ताल, प्रोत्साहनमा कमी र विद्यालयको कारण पर्दछन् ।

झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरूका बारेमा अध्ययन विश्लेषण गर्दा उनीहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू उनीहरूका अभिभावकहरूको पेसा, साक्षरता स्थिति, आर्थिक अवस्था, दृष्टिकोण जस्ता कुरासँग जोडिन पुग्दछ । मुख्य गरी अभिभावहरू निरक्षर हुनु, उनीहरूको मुख्य पेसा कृषि र ज्यालामजदुरी हुनु, आर्थिक अवस्था कमजोर हुनु, झाँगड अभिभावकहरूमा शिक्षाप्रति नकारात्मक धरणा हुनु, शैक्षिक सामग्री पर्याप्त नहुनु, बीचैमा कक्षा छाड्नु, घरायसी वातावरण उपयुक्त नहुनु, अन्धविश्वास र रूढीबादी परम्परा हुनु तथा विद्यालयमा असमान व्यवहार हुनु मुख्य देखिएको छ ।

झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरूको समाधानका लागि झाँगडहरूको आर्थिक अवस्थामा सुधार गर्नुपर्ने, जनचेतना जगाउनुपर्ने, छात्रवृत्ति तथा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गर्नुपर्ने, भेदभाव र सामाजिक, सांस्कृतिक कुसंस्कारको अन्त्य गरिनुपर्ने, बालश्रमको नियन्त्रण र शिक्षाको सुनिश्चितता तथा रोजगारीको आरक्षण गर्नुपर्ने निष्कर्ष रहेको छ ।

## ५.३ सुझाव

यस अध्ययनको क्रममा झाँगड बालबालिकाहरूले भोग्नुपरेका शैक्षिक समस्याहरू समाधानका सम्भावित उपायहरू खोजी गरिएको थियो । खोजको निष्कर्षमा झाँगड बालबालिकाका शैक्षिक समस्याहरू गरिबी र अशिक्षासँग जोडिएकाले उनीहरूका शैक्षिक समस्याहरू समाधान गर्न तलका उपायहरू प्रस्तुत गरिएको छ :

१) झाँगड बालबालिकाहरूका शैक्षिक समस्याहरू गरिबसँग जोडिएका हुनाले गरिबी हटाई आर्थिक अवस्था सुधार गर्न सीपमूलक तालिमको व्यवस्था, रोजगारीको व्यवस्था, आर्थिक सहायता तथा कम व्याजदरमा ऋण उपलब्ध गराउनु पर्ने देखिन्छ ।

२) झाँगड जातिको बसोबास भएको क्षेत्रमा आर्थिक सर्वेक्षण गरी गरिबी निवारणका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

३) झाँगड जातिको अर्को प्रमुख समस्या चेतनाको कमी हो । त्यसैले झाँगड समुदायमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी चेतना बढाउनुपर्ने देखिन्छ ।

४) झाँगड बालबालिकाहरूलाई विद्यालयप्रति आकर्षित गर्न छात्रवृत्तिको व्यवस्था, पोसाक वितरण, खाजाको व्यवस्था, अभिभावक सहुलियत कार्यक्रम निरन्तर रूपमा सरकारद्वारा व्यवस्था गर्नुपर्ने ।

५) झाँगड बालबालिकाहरूलाई विद्यालमा नियमित गराउन शैक्षिक खर्च सरकार तथा अन्य सङ्घ संस्थाले वहन गर्नु पर्ने ।

६) बाध्यताबस ज्यालामजदुरीमा लागेका बालबालिकालाई अनुकुल हुने समय मिलाई अनौपचारीक शिक्षाको व्यवस्था गर्ने ।

७) झाँगड बालबालिकाहरूमा विद्यालय जाने बानीको विकास गराउनका लागि झाँगड समुदायमा वालविकास केन्द्र र शिशु स्याहार केन्द्रको आवश्यकताअनुसार स्थापना र सञ्चालन गर्दै जानुपर्ने ।

८) झाँगड बालबालिकाको शैक्षिक उपलब्धि बढाउन अतिरिक्त कक्षाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

९) झाँगड जातिका बालबालिका तथा अभिभावकका लागि रोजगारमूलक र सीपमूलम शिक्षाको व्यवस्था गर्नुपर्ने ।

१०) झाँगड महिलाहरूलाई महिला शिक्षाको व्यवस्था गरी निरक्षर महिलाहरूलाई साक्षर गराई महिला शिक्षाप्रति आकर्षित गराउनुपर्ने हुन्छ । जसबाट छात्राको विद्यालय सहभागिता वृद्धि हुने देखिन्छ ।

११) झाँगड बालबालिकाहरूको भर्नादर बढाउन स्थानीय पत्रपत्रिका, पम्प्लेट, पोस्टर तथा समाजसेवीहरूको सहयोग लिई प्रचारप्रसार गर्नुपर्ने र विद्यालय भर्ना अभियानलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१२) पढेलेखेका शिक्षित झाँगड जातिका मानिसहरूलाई सरकारी तथा गैरसरकारी सङ्घ संस्थामा रोजगारीको व्यवस्था गर्नुपर्ने हुन्छ । जसबाट अन्य बालबालिका र अभिभावकमा पढ्नु र पढाउनुपर्छ भन्ने प्रेरणा जाग्दछ ।

१३) विद्यालयमा बढी मात्रामा उपस्थित हुने झाँगड विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरेमा विद्यार्थी नियमित विद्यालय आउने र शैक्षिक सहभागिता तथा उपलब्धि वृद्धि हुने देखिन्छ ।

१४) झाँगड बालबालिकाहरू शैक्षिक रूपमा पछि परेका कारण उच्च शिक्षाको सुनिश्चितता प्रदान गरी रोजगारीमा आरक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१५) झाँगड जातिमा रहेको कुसंस्कार कुरीति र अन्धविश्वास हटाउनका लागि सामाजिक संस्कारमा परिवर्तनको खाँचो छ । यसका लागि झाँगड समुदायमा सामाजिक अन्तरक्रिया, सडक नाटक, भिडियो प्रदर्शनी जस्ता समुदाय परिचालनका कार्यक्रम मार्फत सामाजिक संस्कारमा परिवर्तन ल्याउनु पर्ने देखिन्छ ।

१६) वर्तमान शिक्षाको निती हेर्दा धनीवर्गका लागि बढी खर्च भएको र गरिब वर्गका लागि कम खर्च भएको विश्व बैङ्क को प्रतिवेदनबाट देखिएकोले गरिब वर्गको पहुच बढी हुनेगरी शैक्षिक नीति तर्जुमा गरी कर्यान्वयन गर्नुपर्ने ।

१७) शिक्षक सामाजिक भेदभाव अन्त्य गर्ने सशक्त माध्यम हुन । त्यसैले शिक्षकलाई सामाजिक समानतासम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनु पर्दछ ।

१८) शिक्षाप्रति रहेको नकारात्मक दृष्टिकोणलाई चेतनामूलम कार्यक्रम मार्फत हटाउनुपर्ने देखिन्छ ।

१९) झाँगड जातिको शैक्षिक अवस्था सुधारका लागि अल्पकालीन र दीर्घकालीन योजना बनाएर विद्यालय शिक्षाको महत्व बुझाई शिक्षाप्रति आकर्षित गर्नुपर्ने देखिन्छ ।

२०) झाँगड समुदायमा रोजगारमूलम कार्यक्रम सञ्चालन गरी रोजगारीका अवसर प्रदान गर्नुपर्ने ।

२१) शैक्षिक नीति निर्माणको तहमा यस जातिको पनि प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

२२) विद्यालयमा अध्ययनरत झाँगड बालबालिकालाई पढाईमा नै असर पर्ने गरी घरायसी काममा नलाग्न तथा नलगाउन विद्यार्थी तथा अभिभावकलाई सचेत गराउनुपर्ने देखिन्छ ।

२३) झाँगड बालबालिकाहरूलाई सिकाइप्रति उत्प्रेरित हुने गरी सिकाइ क्रियाकलाप गर्न झाँगड शिक्षकको व्यवस्था, तालिम प्राप्त, योग्य र दक्ष शिक्षकको व्यवस्था गर्नुपर्ने ।

२४) झाँगड बालबालिकाहरू पनि आयमूलक कार्यमा संलग्न रहेको पाइएकाले वालश्रममा प्रतिबन्ध लगाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने ।

२५) झाँगड जातिको आधारभूत आवश्यकताको परिपूर्ति गरी शिक्षाप्रति आकर्षित गर्नुपर्ने ।

२६) झाँगड जातिलाई राज्यको एउटा अङ्ग (उपप्रणाली) मानी यिनीहरूका समस्याको सही पहिचान  गरी समाधान गर्ने, विशेष महत्व दिई कार्यक्रमहरू सञ्चालन गर्ने, समान अवसर प्रदान गर्ने, भेदभावपूर्ण नीतिको अन्त्य गरी शैक्षिक प्रणालीको मूल प्रवाहमा समाहित गराउनु पर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


पाण्डे, राजकुमार (२०६०), **नेपाल परिचय,** काठमाडौँ : भूडीपूराण प्रकाशन ।

काफ्ले, वासुदेव तथा साथीहरू (२०६१), **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

खनाल, कल्पना (२०६२), **विशेष लक्ष्यित समूहको लागि शिक्षा,** भक्तपूर : शिक्षा विभाग महिला शिक्षा शाखा, सम्पादक पुण्यप्रसाद न्यौपानेद्वारा सम्पादित ।

शर्मा, चिरञ्जीवी (२०६५), **शिक्षाका आधारहरू,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिबुटर्स । खनाल, पेशल (२०६५), **अनुसन्धान पद्धती**, काठमाडौँ : सनलाईट पब्लिकेशन ।

चापागाईं, नरेन्द्र (२०६२), **नेपाली शब्दभण्डार,** विराटनगर : श्यामपुस्तक भण्डार,

नेपाल सरकार (२०६३), **नेपालको अन्तरिम संविधान,** काठमाडौँ : नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग (२०६४-२०६७), **तीनवर्षीय अन्तरिम योजना,** काठमाडौँ ।

बम, कीर्तिसिंह (२०६२), **मुक्त थारू कमैयाहरूको बालबालिकाहरूको प्राथमिक तहमा सहभागिता सम्बन्धी समस्या एक अध्ययन,** सुर्खेत : सुर्खेत क्याम्पस, अप्रकाशित शोधपत्र ।

भट्टराई, विनोद (२०६४), **मोरङ जिल्ला मृगौलिया गा.वि.स. का झाँगड जातिका महिलाहरूको सम्पति माथिको पहुँच एक समाज शास्त्रिय अध्ययन,** विराटनगर : स्नातकोत्तर क्याम्पस, अप्रकाशित शोधपत्र ।

सिटौला, कल्याणप्रसाद (२०६०), **झाँगड जातिको बदलिदो स्थिति,** विराटनगर : स्नातकोत्तर क्याम्पस, अप्रकाशित शोधपत्र ।

बिष्ट, डोरबहादुर (२०५२), **सबै जातको फूलबारी,** काठमाडौँ : साझा प्रकाशन ।

दुलाल, रीता (२०५८), **दुलारी गा.वि.स. का झाँगडजातिको सामाजिक आर्थिक पक्षको एक समाजशास्त्रीय अध्ययन,** काठमाडौँ : त्रि.वि., किर्तीपूर, अप्रकाशित शोधपत्र ।

उप्रेती, टेकनाथ ( २०६३), **धिमालजातिको शैक्षिक अवस्था र शिक्षामा पहुँच एक अध्ययन,** काठमाडौँ : त्रि.वि कीर्तीपूर, अप्रकाशित शोधपत्र ।

दाहाल, डिल्लीराम (२०५६), **केही पिछडिएका जातिहरूको सामाजिक आर्थिक अध्ययन,** काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

आचार्य, उत्तमप्रसाद (२०६१), **थारूजातिका बालबालिकाहरूको प्राथमिक शिक्षामा सहभागिता,** सुर्खेत : सुर्खेत क्याम्पस, अप्रकाशित शोधपत्र ।

ने.क.पा. एमाले (२०६४), **घोषणा पत्र,** काठमाडौँ : ने.क.पा. एमाले, केन्द्रीय समिति ।

ने.क.पा. माओवादी (२०६४), **प्रतिवद्धता पत्र,** काठमाडौँ :  ने.क.पा. माओवादी, केन्द्रीय समिति ।

जि.वि.स. मोरङ (२०६४), **जिल्ला पाश्र्व चित्र (अध्यावधिक),** मोरङ जी.वि.स. कार्यालय ।

गा.वि.स. मृगौलिया (२०६५), **गा.वि.स. विवरण,** मृगौलिया : गा.वि.स. कार्यालय,

थानीय विकास मन्त्रालय (२०६३), नेपालका आदिवासी जनजातिहरू, काठमाडौं : तत्कालिन श्री ५ को सरकार स्थानीय विकास मन्त्रालय राष्ट्रिय जनजाति समिति ।

Bajracharya, B.C. (2064), **Business Statistics,** Kathmandu: M.K. Publishers & Distributors.

K.C., Fatta Bahadur (2064), **Principle of Management,** kathmandu: Sukunada Pustak Bhawan.

Rijal, Dhruba (2002), **Organization and Management,** Kathmandu: Ratna Pustak Bhandar.

Dahal, Dilli Ram (1997), **Indian Ethnic groups in the Nepal Tarai,** Kathmandu: Unpublished report (CNAS).

CBS (2001), **Population census,** Katmandu: Author

CBS (2007), **Statistical year book of Nepal,** kathmandu: Author

## अनुसूची-१
## मृगौलिया गा.वि.स. को जातिगत आधारमा जनसङ्ख्या विवरण

| क.स | जातजाति | जनसङ्ख्या | क.स | जातजाति | जनसङ्ख्या |
|---|---|---|---|---|---|
| १ | थारु | ३५५८ | २४ | सतार | ३७ |
| २ | प. ब्राहमण | २८३६ | २५ | बाँतर | २६ |
| ३ | क्षेत्री/क्षत्री | २०२१ | २६ | उ.न. दलित | २६ |
| ४ | घर्ती | १०९७ | २७ | चमार | २४ |
| ५ | झाँगड | ५७५ | २८ | बडै | २३ |
| ६ | राई | ३९९ | २९ | बङ्गाली | १९ |
| ७ | लिम्बू | ३९१ | ३० | कोइरी | १५ |
| ८ | नेवार | ३०९ | ३१ | सुनवार | १४ |
| ९ | दमाई | २०४ | ३२ | सोनार | १३ |
| १० | मगर | १७१ | ३३ | राजवंशी | १३ |
| ११ | तेली | १४७ | ३४ | सुडी | १३ |
| १२ | कामी | १३४ | ३५ | त. ब्राह्मण | ११ |
| १३ | उ.न.जाति | १३० | ३६ | ठकुरी | ९ |
| १४ | तामाङ | १०८ | ३७ | धिमाल | ७ |
| १५ | सार्की | ९४ | ३८ | याक्खा | ७ |
| १६ | माझी | ८१ | ३९ | डुम | ७ |
| १७ | हलुवाई | ७६ | ४० | सन्यासी | ६ |
| १८ | बनियाँ | ५७ | ४१ | शेर्पा | ६ |
| १९ | मुस्लिम | ५१ | ४२ | मलाह | ६ |
| २० | गुरुङ | ४१ | ४३ | यादव | ५ |
| २१ | कुर्मी | ४० | ४४ | कलवार | ५ |
| २२ | मुसहर | ४० | ४५ | धोवी | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | ठाकुर | ४० | ४६ | अन्य | १६ |

स्रोतः जि.वि.स. मोरङ, २०६४

# प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता

## अनुसूची-२

## अभिभावकको लागि प्रश्नावली

नाम :..................................................... शैक्षिक योग्यता : ................

पेसा : ...........................       ठेगाना : ..............................................

१) तपाईको घरबाट विद्यालय कति टाढा छ ?

क) ०-५०० मि.  ख) ५००-१००० मि.   ग) १०००.-१५०० मि  घ) १५०० मि. भन्दा माथि

२) तपाईका बालबालिका नियमित रूपमा विद्यालय गएका छन् ?

क) नियमित जान्छन् ख) कहिलेकाँही जान्छन्  ग) परीक्षा दिनमात्र जान्छन्   घ) थाहा छैन

३) तपाईका सबै बालबालिका विद्यालय गएका छन् ?

क) सबै गएका छन्       ख) केही गएका छन्     ग) छोरामात्र गएका छन्

घ) छोरी मात्र गएका छन् । ङ) कोही पनि गएका छैनन्

४) तपाईँका सबै बालबालिका विद्यालय नजानुको मुख्य कारण के हो ?

क) गरीबी ख) अन्धविश्वास ग) पठाउनुको अर्थ छैन घ) घरमा काम गर्नुपर्छ ।

५) तपाईका बालबालिकालाई प्र.अ. तथा शिक्षकले कस्तो व्यवहार गर्नु हुन्छ ?

क) समान व्यवहार ख) असमान व्यवहार   ग) हेप्नेखालको व्यवहार  घ) वास्ता गर्नु हुन्न

६) झाँगड समुदायका बालबालिकाहरूको मुख्य शैक्षिक समस्या के के छन् ?

क) बीचैमा कक्षा छाड्ने   ख) विद्यालय टाढा हुनु   ग) मातृभाषामा शिक्षा नदिनु

घ) गरिबी               ङ) असमान व्यवहार

७) घरमा बालबालिकालाई के कस्ता काम लगाउनु हुन्छ ?

क) पढ्ने काम    ख) घरायसी काम      ग) बच्चा हेर्ने काम     घ) मजदुरी ङ) अर्काको घरमा काम गर्ने

८) के कस्ता सुविधा भए सबै बालबालिकालाई विद्यालय पठाउनु हुन्छ ?

क) छात्रवृत्ति दिएमा              ख) खाजा, पोसाक, किताबकापी दिएमा

ग) अभिभावकलाई राहत दिएमा    घ) आर्थिक अवस्था सुध्रिएमा

९) तपाइँका बालबालिकाको पढाइको अवस्था कस्तो छ ?

क) राम्रो छ      ख) मध्यम छ   ग) कमजोर छ  घ) थाहा छैन

१०) पढाइमा कमजोर हुने कारण के के छन् ?

क) शिक्षकले नियमित नपढाएर     ख) विद्यालय नियमित नगएर

ग) घरमा पढ्ने समय नभएर      घ) वन्दहड्ताल भएर    ङ) पर्याप्त शैक्षिक सामग्री नभएर

११) तपाईंको आम्दानीको मुय स्रोत के हो ?

क) नोकरी ख) कृषि ग) व्यापार व्यवसाय घ) ज्यालामजदुरी ङ अन्य

१२) तपाईं आफ्नो आम्दानीको बढी भाग केमा खर्च गर्नुहुन्छ ?

क) शिक्षामा ख) स्वास्थ्यमा ग) खानपिनमा घ) धार्मिक कार्यक्रममा ङ) मनोरञ्जनमा च) अन्य

१३) तपाईं आफ्नो आम्दानीको कति प्रतिशत रकम बालबालिकाको शिक्षामा खर्च गर्नुहुन्छ ?

क) १०% भन्दा कम ख) १०-२०% ग) २०-३०% घ) ३०% भन्दा माथि

१४) बालबालिकालाई विद्यालय पठाउने प्रेरणा कहाँबाट पाउनु भयो ?

क) आफै ख) छरछिमेकीबाट ग) विद्यालयबाट घ) अन्य सङ्घ संस्थाबाट ङ) थाहा छैन ।

१५) बालबालिकालाई विद्यालय पठाउने कुरामा तपाईको धारणा कस्तो छ ?

क) पठाउनुपर्छ ख) पठाउनुपर्दैन ग) पठाए पनि हुन्छ नपठाए पनि हुन्छ

१६) विद्यालयअघि र पछिको समय तपाईंका बालबालिका घरमा के गरेर बिताउँछन ?

क) खेलेर ख) पढेरग) घरको काम गरेर

घ) मजदुरी गरेर ङ) अर्काको घरमा काम गरेर

१७) तपाइँ छोरा र छोरीमध्ये कसलाई पढाउनु चाहनुहुन्छ ?

क) छोरालाई ख) छोरीलाई ग) छोराछोरी दुवैलाई घ) कसैलाई पनि नपढाउने

१८) बालबालिकाहरूले बीचैमा कक्षा छाड्नु पर्ने कारणहरू के-के हुन ?

क ) विद्यालयका कारणले ख) घरयासी कारणले ग) आर्थिक कारणले घ) अन्य कारणले

१९) तपाईको समुदायमा बालबालिकाको विवाह कति वर्षमा गर्नुहुन्छ ?

क) १० वर्षभन्दा कम ख) १०-१५ वर्ष ग) १५-२० वर्ष घ) २० वर्षभन्दा माथि

२०) तपाइँ वर्षमा कतिपटक विद्यालय जानुहुन्छ ?

क) १/२ पटक ख) २/४ पटक ग) ४/६ पटक घ) ६/८ पटक ङ) ८ भन्दा माथि च) जान्न

२१) तपाइँको परिवार कति जनाको छ ?

क) २ जना ख) ३-५ जना ग) ६-८ जना घ) ८ भन्दा माथि

प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता

# अनुसूची-३

## विद्यार्थीको लागि प्रश्नावली

नाम : ....................................................कक्षा : ...................उमेर : .........................

विद्यालयको नाम : ........................................................................................................

१. तिम्रा अभिभावकको पेसा के हो ?

क) कृषि ख) नोकरी ग) मजदुरी घ) अन्य

२. तिम्रा अभिभावकको शैक्षिक अवस्था कस्तो छ ?

क) शिक्षित ख) साक्षर ग) सामान्य लेखपढ घ) निरक्षर

३. तिमी कुन कार्य गर्न मन पराउँछौँ ?

क) पढ्नलेख्न ख) खेल्न ग) घरको काम गर्न

४. तिमी कुन भाषामा पढ्न लेख्न चाहन्छौ ?

क) नेपाली भाषामा ख) मातृभाषामा ग) अङ्ग्रेजी भाषामा घ) अन्यभाषामा

५. तिमीहरूलाई विद्यालयमा शिक्षकले कस्तो व्यवहार गर्नुहुन्छ ?

क) समान व्यवहार ख) असमान व्यवहार ग) वास्ता गर्नुहुन्न

६. तिम्रो घरबाट विद्यालय आउन कति समय लाग्छ ?

क) ०-१० मि. ख) १०-२० मि. ग) २०-३० मि. घ) ३० मि. भन्दा माथि

७. तिमीलाई आवश्यक शैक्षिक सामग्री अभिभावकले कहिले किनिदिनु हुन्छ ?

क)समयमा किनिदिनु हुन्छ ख) ढिलो किनिदिनु हुन्छ ग) किनिदिनु हुन्न

८. कक्षामा साथीहरूले तिमीसँग कस्तो व्यवहार गर्दछन् ?

क) समान व्यवहार ख) असमान व्यवहार

ग) हेप्नेखालको व्यवहार घ) वास्ता गर्दैनन्

९. तिमीले विद्यालयबाट के के सुविधा पाएका छौ ?

क) छात्रवृति ख) विद्यालय पोसाक ग) स्टेसनरी घ) पाएको छैन

१०. पाएका छैनौ भने विद्यालयबाट कस्तो सुविधा चाहन्छौ ?

क) छात्रवृत्ति ख) विद्यालय पोसाक ग) स्टेसनरी घ) खाजा तथा घरायसी सामग्री

११. पढेर भविष्यमा के बन्ने लक्ष्य छ ?

क) डाक्टर ख) किसान ग) शिक्षक घ) कुनै लक्ष्य छैन

१२. तिमी विद्यालय  कत्तिको जान्छौ ?

क) नियमित    ख) आंशिक    ग) परीक्षाको बेला

१३. तिमी विद्यालय आउनुअघि र विद्यालयबाट घर गएपछि के गर्दछौ ?

क) पढ्छु ख) खेल्छु ग) भाइबहिनी हेर्छु

घ) घरको काम गर्छु ङ) अर्काको घरमा काम गर्छु ।

१४.तिमीलाई विद्यालय जान तिम्रा अभिभावकले के गर्नुहुन्छ ?

क) प्रोत्साहित गर्नुहुन्छ ख) निरुत्साहित गर्नुहुन्छ ग) केही पनि गर्नुहुन्न

१५. कक्षाकोठामा बस्नको लागि केको व्यवस्था छ ?

क) डेक्सबेन्च छ ख) बेन्चमात्र छ ग) डेक्सबेन्च दुवै छैन

१६. तिमी गृहकार्य कतिको गर्छौं ?

क) नियमित ख) आंशिक ग) गर्दिन

१७. गृहकार्य नगर्नुको कारण के हो ?

क) शिक्षकले हेर्दिनुहुन्न ख) गर्न भ्याउँदिन ग) गर्न मन लाग्दैन घ) गृहकार्य दिनुहुन्न

१८. तिमीलाई विद्यालयमा कस्तो सजाय दिनुहुन्छ ?

क) गाली गर्नुहुन्छ ख) शारीरिक यातना दिनहुन्छ

ग) मानसिक यातना दिनुहुन्छ घ) कुनै सजाय दिनुहुन्न ।

१९. झाँगड बालबालिकाको मुख्य शैक्षिक समस्या के हो ?

क) आर्थिक समस्या ख) नियमित रूपमा स्कुल जान नपाउने

ग) विद्यालयमा असमान व्यवहार घ) भाषिक समस्या ङ) अभिभावक निरक्षर हुनु ।

# अनुसूची-४

## प्र.अ. तथा शिक्षकका लागि प्रश्नावली

नाम : ............................................पद : .......... शैक्षिक योग्यता : ...............

विद्यालयको नाम : ........................................................................

१. तपाईको विद्यालयमा झाँगड बालबालिकाहरू कति सङ्ख्यामा अध्ययनरत छन् ? छात्र ( ) छात्रा ( )

२. झाँगड जातिका बालबालिकाहरूको विद्यालय नियमितता कस्तो छ ,

क) नियमित ख) अनियमित ग) परीक्षामा मात्र घ) आउँदैनन्

३. झाँगड जातिका बालबालिका विद्यालय नआउनुका कारणहरू के के हुन ?

क) घरायसी कामले ख) गरिबीका कारण ग) चेतनाको अभाव घ) विद्यालयका कारण

४. यस जातीका बालबालिकाहरूको प्रमुख शैक्षिक समस्याहरू के के हुन ?

क) बीचमा कक्षा छोड्ने ख) अनियमितता ग) अनुत्तीर्ण घ) भाषिक समस्या
ङ) शैक्षिक सामग्रीको अभाव च) साथीभाइ तथा शिक्षकसँगको नराम्रो सम्बन्ध
छ) आर्थिक समस्या ज) निरक्षर अभिभावक झ) सामाजिक तथा सांस्कृतिक समस्या

५. यी समस्या समाधान गर्न के कस्ता उपाय अपनाउनु पर्दछ ?

क) जनचेतना जगाउने ख) अनुदान तथा सुविधा दिने ग) मातृभाषामा शिक्षा दिने
घ) प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ङ) वालश्रमको प्रतिबन्ध

६. झाँगड बालबालिकालाई विद्यालयमा आकर्षित गर्न के कार्यक्रम वनाउनु भएको छ ?

क) छात्रवृत्ति ख) पोसाक ग) खाजा ग) शैक्षिक सामग्री घ) कुनैकार्यक्रम छैन

७. कक्षाकोठामा अन्य समुदायका विद्यार्थीले झाँगड समुदायका विद्यार्थीसगँ कस्तो व्यवहार गर्दछन् ?

क) समान ख) असमान ग) हेप्ने खालको घ) वास्ता गर्दैनन्

८. विद्यालयमा विद्यार्थीलाई कस्तो दण्डसजाय दिने गरेको छ ?

क) गाली मात्र ख) शारिरीक यातना ग) मानसिक यातना घ) गाली बेइजती ङ) निष्काशन

१०) झाँगड विद्यार्थीहरुले बीचैमा कक्षा छोड्नुको कारण के हो ?

क) घरायसी कारण ख) चेतनाको अभाव ग) शिक्षकको डरले घ) साथीको हेपाइले

ङ) विद्यालय टाढा भएकाले च) वार्षिक परीक्षामा उत्तीर्ण हुन नसक्नाले

११. कस्ता उपायहरू अबलम्बन गरेमा झाँगड जातिका बालबालिकाहरूको विद्यालयमा सहभागिता बढाउन सकिन्छ ?

क)छात्रवृत्ति कोटा दिएर  ख) चेतना स्तर बढाएर  ग) प्रचारप्रसार गरेर
घ) आर्थिक तथा अन्य सुविधा दिएर  ङ) शैक्षिक सामग्री उपलब्ध गराएर

१२. आफ्ना बालबालिकाको बारेमा बुझ्न अभिभावक विद्यालय आउने प्रवृत्ति कस्तो छ ?

क) समयसमयमा आउनुहुन्छ  ख) कहिलेकाही आउनुहुन्छ  ग) कहिल्यै आउनुहुन्न

१३. झाँगड समुदायका बालबालिकाहरुको पठ्नपाठनको अवस्था कस्तो छ ?

क) उत्तम  ख) मध्यम  ग) कमजोर  घ) अति कमजोर

१४. झाँगड समुदायका सबै बालबालिका विद्यालय नआउनुको कारण के-के हुन् ?

क) चेतनाको अभाव  ख) प्रचारप्रसारको अभाव  ग) शिक्षण प्रक्रियामा कमजोरी
घ) दण्ड  ङ) असमानता  च) प्रभावकारी कार्यक्रमको अभाव
छ) बालश्रम  ज) कम उमेरमा विवाह  झ) शिक्षाप्रतिको नकारात्मक दृष्टिकोण

१५. झाँगड विद्यार्थीलाई आकर्षित गर्न कस्ता कार्यक्रम सञ्चालन गरिएको छ ?

क) घरदैलो कार्यक्रम  ख) भेला  ग) परामर्श  घ) प्रचार प्रसार  ङ) कुनै कार्यक्रम छैन

१६. झाँगड बालाबालिका र अन्य समुदायका बालबालिका बीचको सम्बन्ध कस्तो ?

क) सहज  ख) असहज  ग) थाहा छैन ?

१७. झाँगड अभिभावकहरूको शिक्षाप्रतिको दृष्टिकोण कस्तो ?

क) सकारात्मक  ख) नकारात्मक  ग) कुनै दृष्टिकोण नै छैन

१८. झाँगड समुदायका बालबालिकाहरूको विवाह कति उमेरमा गर्दछन् ?

क) १० वर्ष मुनि  ख) १०-१५ वर्षमा  ग) १५-२० वर्षमा  ङ) २० वर्षभन्दा माथि

१९) यस जातिका बालबालिकाहरूको शैक्षिक उपलब्धि कस्तो छ ?

क) कमजोर  खा) सामान्य  ग) सन्तोषजनक घ) उत्तम

२०) शैक्षिक उपलब्धि कमजोर हुने मुख्य कारण के हो ?

क) घरायसी कारण  ख) नियमिततामा कमी  ग) भाषिक समस्या
घ) शैक्षिक सामग्रीको अभाव  ङ) प्रोत्साहनमा कमी

२१) यिनीहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न के गर्नु पर्छ ?

..........................................................................................................................
....

२२. झाँगड जातिका बालबालिकाको शैक्षिक स्तर सुधार गने कुनै ५ उपायहरू वताउनुहोस् ।

..........................................................................................................................
........

२३. झाँगड जातिका बालबालिकाहरूको वर्तमान शैक्षिक सहभागिताको स्थिति कस्तो छ ?

..........................................................................................................................
..........

२४) यस जातिका बालबालिकाले भोग्नुपरेका मुख्य शैक्षिक समस्याहरू के के छन् ?

..........................................................................................................................

........

२५) उनीहरूको पठनपाठनमा सुधार गर्न के गर्नुपर्दछ ?

..........................................................................................................................

........

२६) यस जातिका बालबालिकाहरूको प्राथमिक तहमा कम सहभागिता हुनुको मुख्य कारणहरू के के हुन ?

..........................................................................................................................

........

२७) यस जातिका बालबालिकाहरूको सहभागिता बढाउन के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ?

## प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता

### अनुसूची-५

### श्री मा.वि. मृगौलिया-२,
### शै.व. २०६३ देखि २०६६ सम्मको विद्यार्थी विवरण

| कक्षा | शैक्षिक वर्ष | भर्ना भएका जम्मा विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी | उत्तीर्ण विद्यार्थी | भर्ना भएका झाँगड विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित झाँगड विद्यार्थी | उत्तीर्ण झाँगड विद्याथी | कक्षा छोड्ने झाँगड विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६३ | ७९ | ६७ | ६५ | २ | १ | १ | १ |
| | २०६४ | ५० | ३१ | २७ | ५ | ३ | ३ | २ |
| | २०६५ | ४२ | ३६ | ३० | ७ | ५ | ४ | २ |
| | २०६६ | ६४ | - | - | ९ | - | - | - |
| २ | २०६३ | ११३ | १०० | ७२ | १५ | १४ | १२ | १ |
| | २०६४ | १०२ | ९३ | ४२ | ५ | ५ | १ | - |
| | २०६५ | ७८ | ६६ | ४२ | ४ | ४ | २ | - |
| | २०६६ | ४३ | - | - | ५ | - | - | - |
| ३ | २०६३ | ४८ | ४७ | ४२ | - | - | - | - |
| | २०६४ | ८४ | ८० | ६२ | ९ | ८ | ८ | १ |
| | २०६५ | ४८ | ४० | ३१ | २ | १ | १ | १ |
| | २०६६ | ३६ | - | - | २ | - | - | - |
| ४ | २०६३ | ५९ | ५७ | ४९ | १ | १ | १ | - |
| | २०६४ | ६४ | ५८ | ५० | १ | १ | - | - |
| | २०६५ | ७७ | ७३ | ६५ | ९ | ८ | ६ | १ |
| | २०६६ | ५० | - | - | ५ | - | - | - |
| ५ | २०६३ | ४८ | ४० | ३५ | - | - | - | - |
| | २०६४ | ५४ | ४६ | ३९ | - | - | - | - |
| | २०६५ | ६५ | ५५ | ४६ | - | - | - | - |
| | २०६६ | ७६ | - | - | ५ | - | - | - |

स्रोत : विद्यालय अभिलेख, २०६६

## प्राथमिक शिक्षामा झाँगड जातिका बालबालिकाहरूको सहभागिता

अनुसूची -६
श्री देवता प्रा.विद्यालय, मृगौलिया-५
शै.व. २०६३ देखि २०६६ सम्मको विद्यार्थी विवरण

| कक्षा | शैक्षिक वर्ष | भर्ना भएका जम्मा विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी | उत्तीर्ण विद्यार्थी | भर्ना भएका झाँगड विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित झाँगड विद्यार्थी | उत्तीर्ण झाँगड विद्यार्थी | कक्षा छोड्ने झाँगड विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६३ | ४५ | ३० | २५ | १७ | १२ | ९ | ५ |
| | २०६४ | ४९ | २९ | २७ | २३ | १९ | १२ | ४ |
| | २०६५ | २४ | २० | १६ | १२ | ११ | ८ | १ |
| | २०६६ | ३० | - | - | ११ | - | - | - |
| २ | २०६३ | ४२ | ३२ | २६ | १३ | १० | ७ | ३ |
| | २०६४ | ४५ | ३८ | १८ | १४ | १२ | २ | २ |
| | २०६५ | ४४ | ३२ | २३ | १८ | १३ | ६ | ५ |
| | २०६६ | ३५ | - | - | १८ | - | - | - |
| ३ | २०६३ | ३० | २५ | २१ | ६ | ५ | ४ | १ |
| | २०६४ | ४० | ३० | १८ | ८ | ६ | ३ | २ |
| | २०६५ | ३४ | २४ | २४ | ७ | ६ | ६ | १ |
| | २०६६ | ३५ | - | - | १० | - | - | - |
| ४ | २०६३ | ३६ | २९ | २३ | ८ | ६ | ५ | २ |
| | २०६४ | ३६ | २९ | २२ | ७ | ५ | ३ | २ |
| | २०६५ | २५ | २२ | २२ | ५ | ४ | ४ | १ |
| | २०६६ | ३९ | - | - | ८ | - | - | - |
| ५ | २०६३ | १९ | १७ | १५ | ५ | ४ | ४ | १ |
| | २०६४ | ३३ | २९ | २५ | ५ | ५ | ५ | - |
| | २०६५ | २५ | २२ | २२ | ४ | ४ | ४ | - |
| | २०६६ | ३० | - | - | ६ | - | - | - |

स्रोत : विद्यालय अभिलेख, २०६६

## अनुसूची -७
## श्री सूर्योदय प्रा.विद्यालय मृगौलिया –६ ,सलकपुर
## शै.व. २०६३ देखि २०६६ सम्मको विद्यार्थी विवरण

| कक्षा | शैक्षिक वर्ष | भर्ना भएका जम्मा विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी | उत्तीर्ण विद्यार्थी | भर्ना भएका झाँगड विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित झाँगड विद्याथी | उत्तीर्ण झाँगड विद्यार्थी | कक्षा छोड्ने झाँगड विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६३ | ३० | २५ | २२ | ३ | २ | २ | १ |
| | २०६४ | ३५ | २९ | २४ | ५ | ३ | ३ | २ |
| | २०६५ | ३९ | ३५ | २९ | ४ | ४ | ३ | - |
| | २०६६ | ४१ | - | - | ६ | - | - | - |
| २ | २०६३ | २८ | २४ | २२ | २ | २ | २ | - |
| | २०६४ | २५ | २३ | २० | ४ | ३ | २ | १ |
| | २०६५ | ३२ | २८ | २५ | ३ | ३ | ३ | - |
| | २०६६ | ३५ | - | - | ५ | - | - | - |
| ३ | २०६३ | २४ | २४ | २३ | ३ | २ | २ | १ |
| | २०६४ | २८ | २६ | २१ | ४ | ३ | २ | १ |
| | २०६५ | २६ | २५ | १९ | ४ | २ | १ | २ |
| | २०६६ | ३० | - | - | ५ | - | - | - |
| ४ | २०६३ | २० | १८ | १७ | - | - | - | - |
| | २०६४ | २३ | २० | १८ | ४ | ३ | ३ | १ |
| | २०६५ | २८ | २२ | १९ | ४ | ४ | ३ | - |
| | २०६६ | २५ | - | - | ३ | - | - | - |

स्रोत : विद्यालय अभिलेख, २०६६

अनुसूची -८

शिक्षा निकेतन मा.विद्यालय, मृगौलिया-९ , सलकपूर

शै.व. २०६३ देखि २०६६ सम्मको विद्यार्थी विवरण

| कक्षा | शैक्षिक वर्ष | भर्ना भएका जम्मा विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी | उत्तीर्ण विद्यार्थी | भर्ना भएका झाँगड विद्यार्थी | अन्तिम परिक्षामा सम्मिलित झाँगड विद्यार्थी | उत्तीर्ण झाँगड विद्याथी | कक्षा छोड्ने झाँगड विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६३ | ८९ | ७७ | ७७ | ११ | ९ | ९ | २ |
| | २०६४ | ४० | २९ | २९ | २ | १ | १ | १ |
| | २०६५ | ५१ | ३८ | ३८ | १ | १ | १ | - |
| | २०६६ | ६९ | - | - | ११ | - | - | - |
| २ | २०६३ | ७९ | ६८ | ६८ | - | - | - | - |
| | २०६४ | ५९ | ५७ | ५७ | ४ | ४ | ४ | - |
| | २०६५ | ३८ | २९ | २९ | ३ | १ | १ | २ |
| | २०६६ | ९२ | - | - | ७ | - | - | - |
| ३ | २०६३ | ७६ | ७० | ७० | ४ | ४ | ४ | - |
| | २०६४ | ७३ | ७१ | ७१ | १ | १ | १ | - |
| | २०६५ | ५८ | ५५ | ५५ | ६ | ६ | ६ | - |
| | २०६६ | ६० | - | - | १ | - | - | - |
| ४ | २०६३ | ९८ | ९४ | ८५ | १ | १ | - | - |
| | २०६४ | ९९ | ९४ | ९४ | ४ | ३ | ३ | १ |
| | २०६५ | ८१ | ७४ | ७० | १ | १ | १ | - |
| | २०६६ | १०२ | - | - | ७ | - | - | - |
| ५ | २०६३ | ५७ | ५७ | ५० | १ | १ | १ | - |
| | २०६४ | ७९ | ७७ | ६८ | - | - | - | - |
| | २०६५ | ८८ | ८७ | ८० | ३ | २ | २ | १ |
| | २०६६ | १५३ | - | - | १० | - | - | - |

स्रोत : विद्यालय अभिलेख, २०६६